# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १२ | अंक ३५३ | काठमाडौं | बुधबार, ९ वैशाख २०८३ | Prabhab National Daily | Wednesday, 22 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


## सरकारको विभेदकारी निर्णयविरूद्ध दबाबमूलक अभियानमा पत्रकार महासंघ

### निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय खारेज गर्न माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** तीन तहकै सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विभेदकारी निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले दबाबमूलक अभियान घोषणा गरेको छ। निजी सञ्चारमाध्यमको घाँटी निमोठ्नेगरी वालेन्द्र शाह नेतृत्वको सरकारले चालेको उक्त कदम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको संवैधानिक प्रबन्ध, खुला अर्थ नीति र संघीयताको मर्मविपरीत भएको ठहर गर्दै महासंघले त्यसविरुद्ध दबाबमूलक अभियान सञ्चालन गर्ने भएको हो।

'२०८२ चैत २३ गते सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमक्ष निर्णय फिर्ता लिन माग गर्दै ज्ञापनपत्र बुझाएकोमा समस्या समाधानमा सरकार उदासीन देखिएकाले महासंघ देशव्यापी दबाबमूलक अभियान सञ्चालन गर्ने निर्णयमा पुगेको छ,' महासंघले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

महासंघको दबाबमूलक कार्यक्रम आजदेखि सुरु हुँदै छ। आज (वैशाख ९ गते) महासंघका सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गरी महासंघको धारणा प्रस्ट पार्ने र प्रतिबद्धता लिने महासंघले जनाएको छ। भोलि वैशाख १० गते बिहान १० बजे महासंघका सबै जिल्ला शाखाले सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी महासंघको अवधारणा सार्वजनिक गर्ने जानकारी दिइएको छ।

क्रमशः पृष्ठ २ मा

### यस्तो छ महासंघको दबाबमूलक कार्यक्रम

**वैशाख ९**: महासंघका सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गरी महासंघको धारणा प्रस्ट पार्ने र प्रतिबद्धता लिने

**वैशाख १०**: बिहान १० बजे महासंघका सबै जिल्ला शाखाले सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी महासंघको अवधारणा सार्वजनिक गर्ने

**वैशाख ११**: सबै सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धतामार्फत सरकारको विभेदकारी निर्णय र परिपत्रको सोही दिन विरोध गर्न आह्वान गर्ने, सोही दिन बिहान ८ बजे पत्रकार तथा महासंघका सदस्यहरूमार्फत सामाजिक सञ्जाल प्रयोग गरी विरोधका सामग्री सार्वजनिक गर्ने

**वैशाख १४**: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गर्ने

**वैशाख १५**: नगरपालिका र गाउँपालिका महासंघसँग केन्द्रीय समिति र जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आह्वान गर्दै शाखाहरूले ज्ञापनपत्र बुझाउने

## रविको अनुकूलतामा तयार पारियो प्रतिनिधिसभा नियमावली

### नियमावली विशेष कानुनसरह हुने प्रस्ताव



मस्यौदामा कहीँ कतै कमीकमजोरी रहेको खण्डमा सुधार गर्न र संशोधनका लागि समय दिइने छ । सदनका गतिविधि संविधान, कानुन, नजिर, अभ्यासका आधारमा अघि बढाइने छ ।

■ **डोलप्रसाद अर्याल**
सभामुख



प्रतिनिधिसभा कार्य सञ्चालन नियमावलीको मस्यौदा मंगलबार सभामुख डोलप्रसाद अर्याललाई बुझाउँदै रास्वपा सांसद गणेश पराजुली । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा कार्य सञ्चालन नियमावलीको मस्यौदा समितिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई अनुकूल हुनेगरी नियमावलीको मस्यौदा तयार पारेको छ। मंगलबार सभामुख डोलप्रसाद अर्याललाई बुझाएको उक्त मस्यौदामा नियमावली विशेष कानुनसरह हुनेगरी रास्वपा सभापति लामिछाने अनुकूल मस्यौदा बनाइएको हो।

समितिले नियमावलीमा २५९ नियम थपेर यस्तो अनुकूलता सिर्जना गरेको हो। 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुने छ,' उपनियम १ मा भनिएको छ। उपनियम २ मा यो नियमावली प्रतिनिधिसभा सदस्यको विशेषाधिकारको रूपमा रहने उल्लेख गरिएको छ।

'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि' भन्ने अंश राखेर हाल लागू भएको सम्पत्ति शुद्धीकरण ऐनभन्दा माथि यो नियमावली रहने व्यवस्था राखेको हो। नियमावलीको यो व्यवस्थाले अब रास्वपाका सभापति लामिछानेलाई सम्पत्ति शुद्धीकरण ऐनमा टेकेर निलम्बन गर्ने बाटो बन्द हुने छ।

नियमावलीले सांसद थुनामा नरहेको अवस्थामा बैठकमा सहभागी हुन रोक नलगाए पनि अघिल्लो संसद्मा सभामुख देवराज घिमिरेले सम्पत्ति शुद्धीकरण ऐनको व्यवस्थामा टेकेर लामिछानेलाई निलम्बन गरेका थिए। सभापति लामिछाने अहिले पनि सहकारीको रकम अपचलनसम्बन्धी मुद्दा खेपिरहेका व्यक्ति हुन्। समितिका सभापति गणेश पराजुली रास्वपा सांसद हुन्। उनीसहित अधिकांश सदस्य रास्वपाका सांसद समितिमा छन्।

समितिका सदस्यहरूमा ओजस्वी शेरचन, खगेन्द्र सुनार, खुस्बु ओली, गजला समिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निस्कल राई, बलावती शर्मा, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल छन्।

मस्यौदामा कार्यपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन मिलाउन संसद् र संसदीय समितिमार्फत दिइने निर्देशन कार्यान्वयन भए नभएकोबारे ३० भित्र खोज्न सक्नेगरी समयसीमा तोकिएको छ।

क्रमशः पृष्ठ २ मा

### मस्यौदामा के छ ?

**'असंसदीय' भाषा पहिलोपटक पारिभाषित**

मस्यौदामा असंसदीय भाषा केलाई भन्ने भनी परिभाषित गरिएको छ। प्रतिनिधिसभा नियमावली-२०८३ को मस्यौदामा नियमावलीको नियम २ को परिभाषा खण्डको उपनियम 'ग' मा असंसदीय भाषाबारे प्रस्ट पारिएको हो।

'असंसदीय शब्द' भन्नाले अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा अरू कुनै किसिमले असर पर्ने, भेदभाव गर्ने, मर्यादा घटाउने, अप्रमाणित आरोप लगाउने, भौगोलिक भेदभाव झल्कने गरी बोलेको शब्दलाई असंसदीय शब्द सम्झनु पर्छ,' उक्त खण्डमा भनिएको छ।

**सांसदलाई मोबाइल फोन प्रयोगमा कडाइ**

सदनमा सांसदहरूलाई फोन चलाउन कडाइ हुनेगरी मस्यौदा तयार पारिएको छ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

**वैदेशिक रोजगार व्यवसायी संघमा लफडा**

## अध्यक्ष गुरूङसँग मागियो २४ घण्टे स्पष्टीकरण, एकलौटी निर्णय गरी सल्लाहकार हटाएको आरोप

■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङलाई स्पष्टीकरण सोधिएको छ। अध्यक्ष गुरुङले एकलौटी निर्णय गरी आफूखुसी सल्लाहकारहरू हटाएको भन्दै मंगलबार बसेको संघको कार्यसमिति बैठकले २४ घन्टे स्पष्टीकरण सोध्ने निर्णय गरेको हो।

अध्यक्ष गुरुङले यही वैशाख ६ गते संघका सल्लाहकार धनलाल जैसी र नवराज केसीलाई हटाएको जनाइएको छ। कार्यसमितिसँग छलफल नै नगरी आफ्नो निजी संस्थाको कर्मचारी हटाएजसरी अध्यक्ष गुरुङले गरेको निर्णय मान्य नहुने संघका महासचिव महेशकुमार बस्नेतले बताए।

'उहाँले म्यानपावरमा राखेको कर्मचारी हटाएजसरी सल्लाहकारहरूलाई हटाउनुभयो। निर्णयको कुनै प्रतिलिपि पनि छैन। सल्लाहकारहरू हटाउने या राख्ने भन्ने कार्यसमितिको विषय हो,' उनले भने, 'संघभित्र भएको निर्णय हामी





- संघका अध्यक्ष भुवनसिंह गुरूङले सल्लाहकारद्वय धनलाल जैसी र नवराज केसीलाई हटाएपछि लफडा
- अध्यक्ष गुरूङले गरेको निर्णय मान्य नहुने संघका महासचिव महेशकुमार बस्नेतको भनाइ

पदाधिकारीलाई पनि थाहा छैन। उहाँका आसेपासे एक-दुई जनासँग कुरा भएकोचाहिँ थाहा थियो। तर संघको अभिलेखमा कुनै निर्णय छैन। अब



उहाँले कस्तो स्पष्टीकरण बुझाउनुहुन्छ त्यहीअनुसार अघि बढ्छौं।'

संघमा विगतदेखि नै गुरुङको एकल निर्णय चलिरहेको अवस्थामा यतिञ्जेल सहेर बसेको पनि बस्नेतले बताए। अध्यक्षले व्यवसायीलाई दुःख दिने कामसमेत गरेको उनको भनाइ छ। मंगलबार अध्यक्ष गुरुङलाई महासचिव बस्नेतले पठाएको पत्रमा सल्लाहकारहरू हटाउने निर्णय गर्न कार्यसमितिको बैठक कुन ठाउँमा बस्यो, कति बजेको थियो, संघको नियमित ढड्डा थियो कि थिएन, थियो भने त्यसको अभिलेख, कार्यसमितिका कतिजना पदाधिकारीको उपस्थिति थियो, बैठक कसले बोलाएको, कसलाई सूचना पठाइएको थियो, छलफलका विषय, के-के निर्णय भयो लगायतका विषयमा संघको पदाधिकारीलाई स्पष्ट पारिदिन भनिएको छ।

मंगलबार नै महासचिव बस्नेतले गुरुङले निलम्बन गरेका सल्लाहकारहरूलाई पत्राचार गरेर उक्त निर्णय मान्य नहुने भन्दै पदमा यथावत् रहेको जानकारीसमेत गराएका छन्। अध्यक्षको एकल निर्णयले विगतदेखि नै संघको संस्थागत विकास र नीतिगत सुदृढीकरणमा भूमिका खेल्दै आएका व्यक्तिहरूको मान मर्दन भएको बस्नेतको भनाइ छ। गुरुङपक्षका एक कार्यसमिति सदस्यले भने संघमा अर्को प्यानलबाट आएकाहरूको असन्तुष्टिका कारणले गर्दा उनलाई अध्यक्षबाट हटाउने प्रयास भइरहेको बताए। यस विषयमा बुझ्न खोज्दा अध्यक्ष गुरुङसँग सम्पर्क हुन सकेन।

क्रमशः पृष्ठ २ मा

## वालेन्द्र सरकारका 'अव्यावहारिक' निर्णय धमाधम अवज्ञा

- आधा सिलिण्डर ग्यास बिक्री गर्नुपर्ने निर्णय मिच्दै व्यवसायी, सोमबारदेखि पूरा भरिएको सिलिण्डर बिक्री
- विद्यार्थी भर्ना अभियान १६ वैशाखदेखि भनिएकोमा विभिन्न स्थानीय तहमा धमाधम कक्षा सञ्चालन
- सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णय प्रदेश सरकारबाट अवज्ञा



■ जेबी योञ्जन

**काठमाडौं–** वालेन्द्र शाह नेतृत्वको सरकारले गरेका निर्णयहरू धमाधम अवज्ञा हुन थालेका छन्। ऊर्जा, शिक्षा र प्रशासनजस्ता संवेदनशील क्षेत्रमा विनातयारी लिइएका निर्णयहरू सरोकारवाला पक्षबाट अवज्ञा भएका हुन्।

पछिल्लो उदाहरण ग्यास आपूर्ति व्यवस्थापनसँग सम्बन्धित छ। बजारमा देखिएको अभावलाई नियन्त्रण गर्न सरकारले तीन साताअघि आधा सिलिण्डर (७.१ किलो) मात्र बिक्री गर्ने नीति अघि सारेको थियो। हाल आपूर्ति केही सहज भएसँगै उक्त व्यवस्था हटाउन गरेको माग सुनुवाइ नभएपछि व्यवसायीहरूले सरकारको निर्णय अवज्ञा गर्ने भएका छन्। व्यवसायीहरूले सोमबारदेखि पुनः १४.२ किलो तौलको पूर्ण सिलिण्डर बिक्री गर्न थालेका छन्।

ग्यास बिक्रेता महासंघ र नेपाल एलपी ग्यास उद्योग संघको संयुक्त बैठकले सरकारको औपचारिक निर्णयको खिलापमा यस्तो घोषणा गरेको हो। व्यवसायीहरूले डिजेल मूल्यवृद्धिका कारण ढुवानी खर्च असह्य भएको भन्दै सरकारको नीति व्यावहारिक नभएको दाबी गरेका छन्।

ग्यास बिक्रेता महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालका अनुसार आधा सिलिण्डरको व्यवस्था लागू गर्दा बजारमा ग्यास वितरण झन् अव्यवस्थित बनेको छ। उपभोक्ताको घरमा खाली सिलिण्डर थुप्रिनु र उद्योगमा आएको ग्यास 'अनलोड' गर्न नसकिने अवस्थाले समस्या झन् चर्किएको उनको भनाइ छ। 'सरकारले जुन नीति लियो आधा सिलिण्डरको, त्यो व्यावहारिक देखिएन र हामीले पूरै सिलिण्डर दिने भएको छौं,' उनले भने। यसरी निजी क्षेत्रले सरकारको निर्णयलाई खुलेर चुनौती दिनु सामान्य प्रशासनिक मतभेदभन्दा माथिको अवस्था हो।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## रविको...

सदन र समितिले दिएका निर्देशन निष्कर्षमा पुऱ्याउन नसक्ने अवस्था रहेमा कार्यपालिकाले समयसीमाभित्रै व्यवस्थापिकालाई जानकारी गराउनुपर्ने छ ।

सदन र विषयगत समितिमा जनताका तर्फबाट उठेका मुद्दा सामूहिकरूपमा कसरी सम्बोधन गर्ने तथा व्यावहारिक र प्रभावकारी बनाउने भन्ने पक्ष पनि प्रतिवेदनमा समेटिएको छ। समितिका सभापति पराजुलीले जनतासमक्ष समयमै कानुन बनाएर न्यायको सुनिश्चिता गर्ने वाचा गरेबमोजिम समितिले पनि समयसीमा र क्यालेण्डर बनाएर काम गर्ने व्यवस्था मिलाएको बताए ।

### कमजोरी सुधार्न गर्न सकिन्छः *सभामुख अर्याल*

सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा कार्य सञ्चालन नियमावलीको मस्यौदामा कमजोरी भेटिए संशोधनका लागि समय दिइने बताएका छन् । मंगलबार मस्यौदा समितिबाट उक्त मस्यौदा बुझ्दै सभामुख अर्यालले भने, 'मस्यौदा प्रतिवेदनमा कहीं कतै कमी कमजोरी रहेको खण्डमा सुधार गर्न र संशोधनका लागि समय दिइने छ ।

सदनका गतिविधि संविधान, कानुन, नजिर, अभ्यासका आधारमा अघि बढाइने छ ।' निर्धारित समयभित्रै काम सम्पन्न भएको विषयले आगामी दिनका लागि पनि नजिर बसाल्ने बताउँदै अर्यालले समयसीमाभित्रै काम सम्पन्न भएमा आफूलाई गर्व लाग्नेमात्र नभई जनताले त्यसबाट लाभ प्राप्त गर्ने धारणा राखे ।

■■■

## मस्यौदामा...

अब उक्त मस्यौदा पारित भएमा प्रतिनिधिसभा बैठक चलिरहेका बेला सांसदहरूले सभा हलभित्र मोबाइल फोन प्रयोग गर्न, फोटो वा भिडियो खिच्न पाउने छैनन् ।

पछिल्लो समय सांसदहरूले बाहुल्यता रहेको सदनमा बैठकका दौरान सेल्फी खिच्ने, भिडियो बनाउने वा सामाजिक सञ्जालमा व्यस्त हुने प्रवृत्ति देखिएपछि नियमावलीमै यस्तो व्यवस्था गर्न लागिएको समितिले जनाएको छ । मस्यौदाको नियम ११ को उपनियम 'ट' मा सभाहलभित्र मोबाइल फोन अनिवार्यरूपमा 'साइलेन्ट मोड'मा राख्नुपर्ने उल्लेख छ ।

### कूर्सी भाँचे सांसदले नै क्षतिपूर्ति भर्नुपर्ने

मस्यौदामा संसद्मा तोडफोड भए तोडफोडमा उत्रने सांसदबाटै क्षतिपूर्ति भराइने व्यवस्था समेटिएको छ । नियमावलीको नियम ३३ को उपनियम ४ मा यसबारे भनिएको छ, 'यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले बैठकमा आपत्तिजनक वा ध्वंसात्मक व्यवहार गरेको वा बैठक कक्षमा भौतिक हानि नोक्सानी पुऱ्याएको कुरा सभामुखलाई बैठक सम्पन्न भएपछि थाहा भए पनि सभामुखले त्यस्तो सदस्यलाई बढीमा १५ दिनसम्मका लागि निलम्बन गरी क्षति भएको भौतिक सामग्रीको क्षतिपूर्ति निजबाट भराउने आदेश दिन सक्ने छ ।'

यद्यपि सभामुखले यसरी कारबाहीको आदेश दिनुभन्दा अगाडि सम्बन्धित सदस्यलाई आफ्नो सफाइ पेस गर्ने उचित मौका दिनुपर्ने प्रावधान सँगै राखिएको छ । विगतमा संसद्मा तोडफोडका घटना भएकाले यस्तो घटना दोहोरिन नदिन नियमावलीमा कडाइ गर्ने प्रावधानहरू राखिएका छन् ।

### महाअभियोग पाँच महिनामा टुंग्याउनुपर्ने

मस्यौदामा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीविरुद्ध महाअभियोग प्रस्ताव पाँच महिनाभित्र टुंगो लगाउने व्यवस्था गरेको छ । यसअघि पनि संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्ध महाअभियोग प्रस्ताव दर्ता भए पाँच महिनाभित्र टुंगो लगाउने प्रावधान रहेको थियो । तर, यसअघि सुनुवाइ पाँच महिनामा नसकिँदा लम्बिएर लामो समय विचाराधीन रहने गरेको थियो ।

त्यसैगरी प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था पनि मस्यौदामा राखिएको छ । प्रधानमन्त्रीलाई सांसदहरूले महिनाको पहिलो साताको कुनै एक दिन एक घण्टा समय निर्धारण गरिएको छ । पहिलो साता कुनै कारणबस बैठक बस्न नसके त्यसलगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गरिएको छ ।

### मन्त्रीले सात दिनभित्र जवाफ दिनैपर्ने

संसद्मा सांसदले उठाएका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिनैपर्ने व्यवस्था मस्यौदामा राखिएको छ । 'आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने छ,' नियमावलीमा उल्लेख छ । नियमावलीमा कस्तो प्रकारका प्रश्न सोध्न पाउने र कस्तो प्रश्न सोध्न नपाउने भन्ने व्यवस्थासमेत गरिएको छ ।

■■■

## सरकारको...

यसैगरी वैशाख ११ गते सबै सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धतामार्फत सरकारको विभेदकारी निर्णय र परिपत्रको सोही दिन विरोध गर्न आह्वान गर्ने, सोही दिन बिहान ८ बजे पत्रकार तथा महासंघका सदस्यहरूमार्फत सामाजिक सञ्जाल प्रयोग गरी विरोधका सामग्री सार्वजनिक गर्ने, वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गर्ने कार्यक्रम महासंघले तय गरेको छ ।

साथै, वैशाख १५ गते नगरपालिका र गाउँपालिका महासंघसँग केन्द्रीय समिति र जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आह्वान गर्दै शाखाहरूले ज्ञापनपत्र बुझाउने पनि महासंघको कार्यक्रममा समेटिएको छ ।

'माग पूरा नभए उल्लिखित दबाबका कार्यक्रमको समीक्षा गरी महासंघ थप आन्दोलित हुने जानकारी गराइन्छ,' महासंघका महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा भनिएको छ । निजी सञ्चारमाध्यमलाई धराशायी बनाउनेगरी सरकारले सरकारी विज्ञापनमा 'सिण्डिकेट' (एकाधिकार) लगाएकोमा चौतर्फी विरोध भइरहेको छ । पत्रकार महासंघसँगै मिडिया एलायन्स नेपाल, मिडिया सोसाइटी, नेपाल विज्ञापन संघलगायत सञ्चारसम्बद्ध संस्थाहरूले विभेदकारी निर्णय फिर्ता लिन सरकारलाई दबाब दिँदै आएका छन् । यसैबीच सरकारको उक्त निर्णविरुद्ध सर्वोच्च अदालतमा दर्ता भएको मुद्दा विचाराधीन रहेको छ ।

सरकारी निर्देशनविरुद्ध राहुलकुमार साह र नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए । सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको दाबी रिटमा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ मा सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममार्फत मात्र गर्नुपर्ने भन्दै सबै निकायमा परिपत्र गरेको थियो । सरकारको उक्त निर्णयले विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाएको जिकिरसमेत रिटमा छ ।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको अधिवक्ता लुइँटेलले जिकिर गरेका छन् । रिटमा चौथो अंग आतंकित भइसकेकोसमेत उल्लेख छ । रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्न नगराउन भनी परमादेश माग गरिएको छ ।

■■■

## अध्यक्ष...

गुरुङले गरेको निर्णयबारे संघको कार्यसमितिका पदाधिकारी प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेल, महासचिव बस्नेत, सचिव कुन्छादोर्जे डिमदोङ, कोषाध्यक्ष धनमाया सिंजालीलगायतलाई बैठकको कुनै सूचना प्राप्त नभएको जनाइएको छ । साथै, संघकी सदस्य हेमा गुरुङको हस्ताक्षरसमेत दुरूपयोग भएको भनी निवेदन परेकोसमेत बताइएको छ ।

■■■

## वालेन्द्र...

ऊर्जा क्षेत्रमै देखिएको यो अवज्ञाको एकमात्र घटना होइन । शिक्षा क्षेत्रमा पनि यस्तै प्रवृत्ति देखिएको छ । संघीय सरकारले शैक्षिक सत्र २०८३ का लागि भर्ना अभियान वैशाख १५ गतेदेखि सुरु गर्ने र वैशाख २१ गतेदेखि पठनपाठन सुरु गर्ने कार्यतालिका तय गरेको थियो । तर, देशका विभिन्न स्थानीय तहहरूले उक्त निर्णयलाई बेवास्ता गर्दै आफ्नै तालिका लागू गरेका छन् ।

तनहुँको व्यास नगरपालिकाले वैशाख ३ गतेदेखि नै भर्ना थालेको छ । वीरगञ्ज महानगरपालिकाले वैशाख ७ देखि १५ गतेसम्म भर्ना अभियान सञ्चालन गरेको छ । गोपी हमाल नेतृत्वको धनगढी उपमहानगरपालिकाले संघीय सरकारको निर्णय नमान्ने घोषणा गर्दै वैशाख ४ देखि भर्ना अभियान थालेका छन् । यही वैशाख १४ देखि नियमित कक्षा सञ्चालन गर्ने भएको मेयर हमालले बताए ।

'संघीय सरकारले जे-जे भन्छ, सबै मान्नुपर्छ भन्ने छैन, हामीले हाम्रो अनुकूल विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने हो, थालिसक्यौं हामीले,' उनले प्रभावसँग भने । अन्य स्थानीय तहले पनि आफ्नो अनुकूलमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छन् । केहीले मात्रै केन्द्र सरकारले गरेको निर्णयअनुसार अभियान सञ्चालन गर्ने भएका हुन् । काठमाडौंको बूढानीलकण्ठ नगरपालिकाले पनि आफ्नै शैक्षिक क्यालेण्डर सार्वजनिक गर्दै वैशाख ७ गतेदेखि विद्यालय सञ्चालनमा ल्याएको छ । काठमाडौं महानगरभित्रकै कतिपय निजी विद्यालयले कक्षा सञ्चालन गरिसकेका छन् ।

सरकारको निर्णय प्रक्रिया केन्द्रीकृत र परामर्शविहीन हुँदै गएको आरोप छ । निर्णयहरू लिँदा सरोकारवालासँग पर्याप्त छलफल नगर्ने प्रवृत्तिले कार्यान्वयन चरणमा प्रतिरोध देखिएको उनीहरूको भनाइ छ । ग्यास व्यवसायीहरूसँग समयमै समन्वय नगर्नु र शिक्षा क्षेत्रमा स्थानीय तहसँग सहकार्य कमजोर हुनु यसको उदाहरण मानिन्छ ।

निजी क्षेत्र र स्थानीय तहको यस्तो खुला अवज्ञाले आगामी दिनमा सरकार-निजी क्षेत्र सम्बन्ध र संघीय-स्थानीय सरकार सम्बन्ध थप जटिल बन्ने देखिएको छ । तर, सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले संघीय सरकारको निर्णय कार्यान्वयन गर्नु प्रदेश र स्थानीय सरकार बाध्य हुने जिकिर गरेका छन् । उनले निर्णय गर्नभन्दा पनि कार्यान्वयनका लागि हुने पनि बताए ।

प्रदेश सरकारहरूले पनि संघ सरकारको निर्णय अवज्ञा गरिरहेका छन् । संघीय सरकारले सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णयकोविरुद्धमा एकपछि अर्को प्रदेश सरकार उभिएका छन् । लोकतन्त्रको मेरुदण्ड मानिने सञ्चारमाध्यमको आयस्रोत नै बन्द गर्न उद्धत प्रधानमन्त्री शाहलाई कर्णाली र गण्डकी प्रदेश सरकारले निर्णय कार्यान्वयन नगरेर चुनौती दिइसकेका छन् ।

■■■


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०९ गते**

यस कम्पनीको मिति २०८२/१२/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होरेव सेक्युरीटी फोर्स सर्भिस एण्ड वर्कर्स सप्लायर्स प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सिल्दो न्हाल्दो ट्रेडिङ (प्रा.लि.नं. १६९८५१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०७/२९ मा दर्ता भएको **प्रा.लि. नं. ५७५३४/०६५/०६६** को **गल्कोट टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०८३/०१/०७ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजत पत्र नं. ६५२**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०१/०९ गते

यस कार्यालयमा मिति २०७८/०३/१० मा दर्ता भएको **डिजिई कम्पनी प्राइभेट लिमिटेड (प्रा.लि.नं. २६३८२३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०९/२३ मा दर्ता भएको प्रा.लि.नं. १४३५५४ को **हिमगंगा ट्रेक्स एण्ड एक्स्पीडिसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८३/०१/०९**

यस जनजागृती सा.व.उ.स. तिनपाटन गा.पा.-०१, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३को नियमानुसार कटान मुछान भइ उत्पादित काठ दाउरा समुहको घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान २२० को २५३१.९५ क्यूफिट काठ हाल जे जस्तो अबस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पूर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**अध्यक्ष**
**जनजागृती सा.व.उ.स.,**
**तिनपाटन गा.पा.-०१, सिन्धुली**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०५८/०३/२१ मा दर्ता भएको प्रा.लि.नं. १६०१७ को **न्यू एज क्रियसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

प्रकाशित मिति : २०८३/०१/०९

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Sampaanata Overseas Pvt. Ltd.** (Lic.No.: 1579/079/80) ले यस विभाग समक्ष कम्पनीको साविक नाम तपसिल बमोजिम परिवर्तन गरि नयाँ नाम कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| साविक ठेगाना | परिवर्तन पश्चात अव कायम हुने नाम |
|---|---|
| सम्पन्नता ओभरसिज प्रा.लि. (Sampaanata Overseas Pvt. Ltd.) | गोल्डेन ग्लो ओभरसिज प्रा.लि. (Golden Glow Overseas Pvt. Ltd.) |

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/१६ मा दर्ता भएको प्रा.लि. नं. २४८७३३/०७७/०७८ एच.डी.थर्टिन को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### बिमालेख हरायो

मिति २०८२/१२/३० गते दमकदेखि चन्द्रागडीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम** : विज्ञान श्रेष्ठ
**ठेगाना** : दमक-९, झापा
**बिमालेख नं.** : यूएलआई १०२०००१०७८
**हिमालयन लाईफ इन्स्योरेन्स कम्पनी लि.**
**सम्पर्क नं** : ९८०७९४५५९९, ९८०७९०४१२०


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, ९ वैशाख, २०८२**

| | |
|---|---|
| **मेष** | नयाँ कामको सुरुवातका लागि राम्रो दिन । आत्मविश्वास बढ्नेछ । |
| **वृष** | धैर्य राख्नुहोस्, सानो प्रयासले ठूलो फाइदा दिन सक्छ । |
| **मिथुन** | सञ्चारमा सावधानी अपनाउनुहोस्, गलतफहमी हुन सक्छ । |
| **कर्कट** | परिवारसँग समय बिताउँदा मन खुशी रहनेछ । |
| **सिंह** | काममा सफलता मिल्नेछ, प्रशंसा पाइने योग छ । |
| **कन्या** | स्वास्थ्यमा ध्यान दिनुहोस्, थकान महसुस हुन सक्छ । |
| **तुला** | साथीहरूसँग रमाइलो भेटघाट हुनेछ । |
| **वृश्चिक** | महत्त्वपूर्ण निर्णय लिनुपर्ने हुन सक्छ, सोचेर कदम चाल्नुहोस् । |
| **धनु** | यात्राको योग छ, नयाँ अनुभव मिल्नेछ । |
| **मकर** | आर्थिक पक्ष सुधार हुने संकेत छ । |
| **कुम्भ** | साझेदारीमा काम गर्दा राम्रो नतिजा आउनेछ । |
| **मीन** | मन शान्त रहनेछ, सिर्जनात्मक काममा रुचि बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**९ वैशाख, २०८२ (२२ अप्रिल २०२६)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.७१ | १४९.३१ |
| युरो | १ को | १७५.०८ | १७५.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.०८ | २०१.८९ |
| स्विस फ्रैन्क | १ को | १९०.३९ | १९१.१५ |
| अस्ट्रेलियन डलर | १ को | १०६.४५ | १०६.८८ |
| क्यानाडियन डलर | १ को | १०८.६५ | १०९.०९ |
| सिङगापुर डलर | १ को | ११७.०० | ११७.४७ |
| जापानी येन | १० को | ९.३६ | ९.४० |
| चिनियाँ युआन | १ को | २१.८१ | २१.९० |
| साउदी अरब रियाल | १ को | ३९.६५ | ३९.८१ |
| कतारी रियाल | १ को | ४०.८० | ४०.९६ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४९ | ४०.६५ |
| मलेसियन रिङेट | १ को | ३७.६२ | ३७.७८ |
| दक्षिण कोरियन वन | १०० को | १०.११ | १०.१५ |
| स्विडिस क्रोनर | १ को | १६.२५ | १६.३२ |
| डेनिस क्रोनर | १ को | २३.४३ | २३.५२ |
| हङकङ डलर | १ को | १८.९९ | १९.०७ |
| कुवेती दिनार | १ को | ४८५.४३ | ४८७.३८ |
| बहराइन दिनार | १ को | ३९४.३० | ३९५.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**रातो मछिन्द्रनाथको जात्रा**

वर्षा र सहकालका देवता मानिने रातो मछिन्द्रनाथलाई रथारोहण गरेर रथलाई पुल्चोकबाट तानेर गावहालतर्फ लगिँदै । मंगलबारबाट सुरू भएको रथ जात्रा ललितपुरको पुल्चोक, गावहाल, मंलबजार, सुन्धारा, लगनखेल हुँदै जावलाखेल पुऱ्याउने परम्परा रहेको छ । जावलाखेलमा भोटो देखाइसकेपछि जात्रा सम्पन्न हुनेछ ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# नतिजा आउनेगरी काम गर्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानजस्ता निकायहरूलाई खारेज गर्नुको सट्टा सुधारमार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने स्पष्ट पारेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमामात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताए । 'यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठूलो सहयोग पुग्ने छ,' उनले भने ।

विषयविज्ञ र अनुसन्धानकर्ताको महत्त्व कति रहन्छ भन्ने आफूलाई जानकारी रहेको प्रधानमन्त्री शाहले बताए । 'हामीलाई यस्तो उत्कृष्ट विज्ञता चाहिएको हो, जसले जनप्रतिनिधिले भन्दा पनि गहिरो अध्ययन र दूरगामी सोच प्रस्तुत गर्न सकून् । सरकारले विज्ञहरूको प्राज्ञिक कार्यलाई पूर्णरूपमा ग्रहण गर्ने छ,' नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा उनले भने ।

प्रधानमन्त्री शाहले कुनै पनि बहानाबाजी नगरी बिना संकोच नतिजा निकाल्नेगरी काम गर्न दुवै निकायलाई निर्देशन दिए । 'कुनै पनि कार्यसम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ । विकासमा विषयविज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्,' उनले भने ।

मन्त्रालयहरूबीच समन्वय नभएको भन्ने तर्क स्वीकार्य नहुने स्पष्ट पार्दै उनले एउटै सरकार मातहत त्यस्तो समस्या हुन नहुने बताए । साथै, बजेट र कानुनी जटिलतालाई काम नगर्ने बहानाका रूपमा प्रयोग नगर्न उनले सचेत गराए । 'प्रभावकारी अध्ययन र अनुसन्धानबाट मात्रै परिणाम सम्भव छ । पुराना नीति र ऐनकै भरमा ५० वर्षसम्म काम त चलाउन सकिएला तर सुधार नगरेसम्म देश समृद्ध हुन सक्दैन,' प्रधानमन्त्रीको कथन थियो ।

सो अवसरमा अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताए । उनले विज्ञहरूको ज्ञानलाई सरकारी नीति, कार्यक्रम र बजेटमा रूपान्तरण गर्न निर्देशन दिए । स्पष्ट लक्ष्य, पर्याप्त बजेट, तोकिएको जिम्मेवारी र मापनयोग्य परिणामसहितका प्रस्तावहरू सम्बन्धित मन्त्रालयमार्फत ल्याउनुपर्नेमा उनको विशेष जोड थियो ।

अर्थमन्त्री वाग्लेले विद्यमान संस्थागत संरचनाको सुदृढीकरण, अप्रासंगियक प्रावधानहरूको खारेजी र नयाँ आवश्यकताअनुसार नीति विकास गर्ने प्रक्रिया थालनी गरिने जानकारी दिए । उनले नवप्रवर्तनात्मक कार्यक्रमहरूलाई 'पाइलट प्रोजेक्ट' का रूपमा सुरु गरी सफल भएपछि राष्ट्रियस्तरमा विस्तार गर्ने रणनीतिबारेसमेत चर्चा गरे ।

छलफलका क्रममा आयोगका पदाधिकारीहरूले आफ्नो क्षेत्रको कार्य प्रगति, चुनौती र बजेटको अवस्थाबारे प्रधानमन्त्रीसमक्ष 'बिफ्रिङ' गरेका थिए । प्रतिष्ठानका कर्मचारीहरूले हालसम्मका अध्ययन-अनुसन्धान सरकारी कार्य प्रणालीका लागि निकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै थप जनशक्ति र स्रोतसाधनको माग गरे ।

# पुरातत्वका तत्कालील सिडिई श्रेष्ठसहित दुई जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुरातत्व विभागका तत्काली सिनियर डिभिजनल इन्जिनियर (सिडिई) पूर्णबहादुर श्रेष्ठ र सोही विभागकी सहायक पथ प्रदर्शक देउकला अधिकारीविरुद्ध भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दायर गरेको छ । आयोगले मंगलबार उनीहरूविरुद्ध चार करोड २२ लाख ७५ हजार रूपैयाँ बिगो मागदाबीसहित अदालतमा मुद्दा दायर गरेको हो ।

मुद्दा दायरपछि आयोगले जारी गरेको विज्ञप्तिअनुसार तत्कालीन सिडिई श्रेष्ठले निर्माण सेवाका सञ्चालक तथा सम्बद्ध जेभीहरूको बैंक खाताबाट सहायक पथ प्रदर्शक अधिकारीको नाममा रहेको बैंक खातामा रकम जम्मा गरेको र उक्त रकमहरूमध्येबाट भुक्तानी गरी निजहरूको संयुक्त नाममा सम्पत्ति खरिद गरेको पाइएको उल्लेख गरेको छ । उक्त कार्य विभागको खरिद कार्यहरूमा घुसबापत लिएर गैरकानुन स्रोतबाट सम्पत्ति आर्जन गरेकोले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरसमेत गरेको आयोगको अनुसन्धानबाट पुष्टि भएको जनाइएको छ ।

आयोगका अनुसार विभागबाट निर्माण कार्यका लागि भएको ६४ करोड २१ लाख ८९ हजार रूपैयाँबराबरको ठेक्कामा प्रतिवादी श्रेष्ठ सिनियर डिभिजनल इन्जिनियरको रूपमा खरिद प्रक्रियामा संलग्न रहेका थिए । त्यसरी ठेक्काहरूमा सहजीकरण गर्दा लिएको घुसबापतको चार करोड २२ लाख ७५ हजार रूपैयाँ रकम उनले विभागमै कार्यरत सहायक पथ प्रदर्शक अधिकारीको बैंक खातामा जम्मा गर्न लगाएको खुलेको अख्तियारले जनाएको छ । घुसबापतको सो रकमबाट श्रेष्ठ र अधिकारीले मिलेमतोमा जग्गा तथा सुन खरिद गर्नुका साथै विभिन्न व्यक्तिलाई भुक्तानीसमेत गराई गैरकानुनीस्रोत लुकाउने, रूपान्तरण तथा हस्तान्तरण गर्ने कार्य गराई सम्पत्ति शुद्धीकरणअन्तर्गतको कसुर गरेको अख्तियारले पुष्टि गरेको छ ।

आयोगले दायर गरेको मुद्दामा निजहरूबाट घुसबापतको रकम असुली तथा गैरकानुनी रूपमा खरिद गरिएका सम्पत्ति जफत गरी कानुनबमोजिमको सजाय माग गरेको छ ।


## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

२०७३

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८३/०१/०९**

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 16/KM/SQ/ 2082-83works | Shiba samudayik ban bhitra park Nirman | ब्राइट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सूर्यविनायक-०५ | ११,५२,२१२.९५ | |

**प्रमुख प्रशासकीय अधिकृत**

Local Government
## Indrawati Rural Municipality
Office of Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

### Intention to Award

Date:- 2083/01/09

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract.

| S.N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. |
|---|---|---|---|---|
| 1. | IRMSI/ KRISHI/NCB/ 2082/083-01 | Procurement and Supply of Petrol Mini Tiller and Electrical Combined Mill, Indrawati Sindhupalchowk | M/S Agro Solutions and Structure Pvt. Ltd. Banepa -5, Kavre | 23,24,978.00 |

**Chief Administrative Officer**

## साउदीमा रोजगार
कम्पनी : Ahla Car Auto Accessories Establishment

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340764 | चलानी नं. ६०२५४२२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

## युएइमा रोजगार
कम्पनी : BAYT AL AMAN CLEANING SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 322565 | चलानी नं. ६०२२३६६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 16 | 0 | 900 | ३६,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TILE LAYER. | 13 | 0 | 1200 | ४८,८४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**

Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, Mobile no: 9818224732 E-mail: wh.adm77427@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Jodran Alkhaleej Al-mustaqbal Limited

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340822 | चलानी नं. ६०२५४२२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavation Labour | 2 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaner | 1 | 0 | 1000 | ३९,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**

Frontline Recruitment

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

## साउदीमा रोजगार
कम्पनी : Mastoura Contracting Company Ltd

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340905 | चलानी नं. ६०२५४२१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1600 | ६३,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 75 | 0 | 1000 | ३९,६८० | | | | | | | |
| 3 | Heavy Equipment Operator | 15 | 0 | 2500 | ९९,२०७ | | | | | | | |
| 4 | Heavy Truck Driver | 20 | 0 | 1800 | ७१,४२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**

Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## साउदीमा रोजगार
कम्पनी : Fawaz Hamdan Al-mutairi Company Limited

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340856 | चलानी नं. ६०२५४१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 10 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Faisal Badr Asshebani

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340888 | चलानी नं. ६०२५४१९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 9 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Adeeb Signage Company

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340906 | चलानी नं. ६०२५४२१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading | 1 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 2 | 0 | 1200 | ४७,६१९ | | | | | | | |

कम्पनी : Hamad M. Al Rugaib & Sons Trading Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340904 | चलानी नं. ६०२५४२१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४७,६१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hamad M. Al Rugaib & Sons Trading Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340903 | चलानी नं. ६०२५४२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४७,६१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Khuyut Al Khayal Trading Establishment

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340909 | चलानी नं. ६०२५४२१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५९,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदर आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**


Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, WhatsApp (Saroj) 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## तपसिल ऋणीलाई कर्जा चुक्ता गर्न आहवान गरिएको ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८३/०१/०९) प्रभाव दैनिक**

यस संस्थाको कार्यालय मिनभवन नयाँ बानेश्वरबाट ब्यक्तिगत कर्जा लिने तपसिलमा उल्लेखित शेयर सदस्यले कर्जा लिएबापत बुझाउनुपर्ने साँवा, व्याज अन्य दै-दस्तुर समेतको रकम म्याद भित्रमा नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लघंन गरेको र बारम्बार ताकेता गर्दा साथै व्यक्तिगत सम्पर्क गरी कर्जा तिर्न जानकारी एवम यसै पत्रिकामा ३५ दिने सुचना प्रकाशित गरी जानकारी गराउँदा समेत ऋण तिर्न बेवास्ता गरेको हुँदा यो सुचना प्रक( ाशित भएको मितिले ७ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण सावाँ, व्याज अन्य दै-दस्तुर सहितको सम्पूर्ण रकम बुझाई ऋण चुक्ता गर्नुहोला। अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम बमोजिम तपसिलमा उल्लेखित प्रचलित कानुन बमोजिम व्यक्तिको घर घरान वा कानुनी कारवाही गरि संस्थाको लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | नाम | ठेगाना र नागरिकता न. | व्यक्तिगत तस्विर | धितो/जमानीको विवरण |
|---|---|---|---|---|
| १ | नाम : रामशरण लामिछाने<br>बुवाको नाम : हरिप्रसाद लामिछाने<br>बाजेको नाम : हरिचरण लामिछाने | भक्तपुर नगरकोट वडा नं. १<br>ना.प्र. नं. ३/८१० |  | भक्तपुर नगरकोट वडा नं. १<br>कित्ता नं. ३१७<br>क्षेत्रफल : ६०४.११ ब.मि. |
| २ | नाम : प्रेम बहादुर लिम्वु<br>बुवाको नाम : धनवीर लिम्वु<br>बाजेको नाम : हर्कलाल लिम्वु | ताप्लेजुङ्ग, मैवाखोला वडा नं. ६<br>ना.प्र. नं. ४१११३/२९०२ |  | झापा हल्दीवारी वडा नं. ९ क झापा भद्रपुर -३<br>कित्ता नं. क्रमश: ३००७, ७, ८<br>क्षेत्रफल : २७०९.०४, ११८७.८२, ६७७.२६ ब.मि. |

साथै यस संस्थाको कार्यालयबाट अन्य विभिन्न शिर्षकमा कर्जा लिने. ऋणिहरुलाई पनि सावाँ, व्याज समयमा नबुझाएमा त्यस्ता ऋणिहरुलाई पनि चाँडो भन्दा चाँडो यसैलाई सूचना मानी किस्ता, ब्याज सहित तिर्न आउनुहुन सूचित गरिन्छ । अन्यथा उपरोक्त बमोजिम नै सूचना प्रकाशित गरि कर्जा असुल उपर गर्न समितिको निर्णय भएको हुँदा ऋणि तथा धन जमानी दिने व्यक्तिहरुको मान मर्यादामा प्रतिकुल असर पर्न गएमा संस्था जिम्मेबारी नहने व्यहोरा समेत सचित गरिन्छ ।

**गोरखा मिलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.**
**GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.**
Promoted by Real British Gurkhas Group

मीनभवन उकालो, नयाँबानेश्वर, काठमाडौं जि.पि.ओ. ८९७३, एन.पी.सी. ६७५
फोन नं. ०१-४६२२८८३, ४६२२८४४, ४६२११३७ फ्याक्स : ४६२१९९०

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शैक्षिक सुधारमा निषेध होइन, नियमन र जिम्मेवारी

विश्वविद्यालय र शैक्षिक संस्थाहरूलाई दलीय राजनीतिको चंगुलबाट मुक्त गराउने सरकारको हालैको सक्रियता स्वागतयोग्य छ। प्रधानमन्त्री वालेन्द्र शाहले शैक्षिक संस्थाहरूमा दलीय संरचना हटाउन दिएको निर्देशनले वर्षौंदेखिको विकृति अन्त्य गर्ने एउटा आशा जगाएको छ। तर, दशकौंदेखि नेपाली शैक्षिक र राजनीतिक परिवर्तनको संवाहक रहेका विद्यार्थी संगठनहरूलाई पूर्णरूपमा निषेध गर्नु आफैंमा चुनौतीपूर्ण र जटिल विषय हो। लोकतान्त्रिक समाजमा विद्यार्थीका हक–हितका लागि आवाज उठाउने संयन्त्रलाई पूर्णतः बन्द गर्नुभन्दा उनीहरूलाई मर्यादित र जिम्मेवार बनाउनु बढी व्यावहारिक देखिन्छ।

विद्यार्थी संगठनहरूको मुख्य धर्म विद्यार्थीका समस्या समाधान गर्नु, शैक्षिक गुणस्तरका लागि दबाब दिनु र लोकतान्त्रिक मूल्य–मान्यताको रक्षा गर्नु हो। तर, समस्या तब सुरु भयो जब यी संगठनहरू विद्यार्थीका मुद्दाभन्दा पनि माउ पार्टीको स्वार्थ र सत्ताको गोटी बने। क्याम्पसहरूमा हुने तालाबन्दी, तोडफोड र शैक्षिक पात्रो नै बिथोलिनेगरी गरिने राजनीतिक क्रियाकलापले आमविद्यार्थीमा वितृष्णा पैदा गरेको सत्य हो। यसो भन्दैमा, विद्यार्थी संगठनको अस्तित्व नै समाप्त पार्नु भनेको क्याम्पस प्रशासनलाई स्वेच्छाचारी बन्ने बाटो खोल्नु पनि हुन सक्छ।

त्यसैले, अहिलेको आवश्यकता 'पूर्ण प्रतिबन्ध' भन्दा पनि 'कडा नियमन' र 'प्रणालीगत सुधार' को हो। सरकार र विश्वविद्यालय प्रशासनले एउटा यस्तो बलियो नियमनकारी संयन्त्र बनाउनुपर्छ, जसले विद्यार्थी संगठनहरूलाई दलीय झण्डामुनि होइन, शैक्षिक एजेण्डामा केन्द्रित गरोस्। विद्यार्थी संगठनहरूले अब आफ्नो कार्यशैली परिवर्तन गरी २१औं शताब्दीको मागअनुसार गुणस्तरीय, प्रविधिमैत्री र अनुसन्धानमूलक शिक्षाका लागि पैरवी गर्नुपर्छ। पुस्तकालयको व्यवस्थापन, छात्रवृत्तिको पारदर्शी वितरण र समयमै परीक्षा तथा नतिजा प्रकाशनजस्ता विषयमा उनीहरूको सक्रियता आवश्यक छ।

विद्यार्थी संगठनहरू राजनीतिक दलको भ्रातृ संगठनका रूपमा रहनुको सट्टा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) जस्ता वैधानिक र शैक्षिक संस्थामार्फत मात्र परिचालित हुनुपर्छ। क्याम्पस परिसरभित्र दलका झण्डा गाड्ने, सदस्यता वितरण गर्ने र दलगत चुनाव लड्ने परिपाटीलाई कडाइका साथ रोक्दै प्राज्ञिक बहस र विद्यार्थी कल्याणमा उनीहरूलाई सीमित गरिनुपर्छ। राजनीति गर्ने चाहना भएका विद्यार्थीले क्याम्पसको शैक्षिक वातावरण नबिगारी बाहिरै रहेर आफ्ना गतिविधि सञ्चालन गर्ने संस्कृति बसाल्नुपर्छ।

शैक्षिक क्षेत्रलाई दलीय प्रभावबाट मुक्त गर्ने सरकारको उद्देश्य सकारात्मक छ, तर यसलाई कार्यान्वयन गर्दा विद्यार्थीको संगठित हुन पाउने अधिकार र उनीहरूको आवाजलाई कुण्ठित गरिनु हुँदैन। निषेधले प्रतिशोध र भूमिगत आन्दोलनलाई जन्म दिन सक्छ। त्यसैले, विद्यार्थी संगठनहरूलाई राजनीतिक स्वार्थबाट अलग गरी केवल शैक्षिक विकास र विद्यार्थीको वृत्तिविकासमा जिम्मेवार बनाउने गरी कानुनी र नीतिगत संरचना तयार गर्नु नै अहिलेको उत्तम विकल्प हो।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ। यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन्। जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन्।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ। त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ। त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ। कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ। एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन। अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ। कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ। कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ। तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ।

# सुधारको पर्खाइमा संग्रहालय



❑ ओमप्रकाश घिमिरे

> "नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले संग्रहालयलाई बहुआयामिक ढंगले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट संग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ। तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि संग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन। यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रूपमासमेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ। युनेस्कोले संग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्त्वपूर्ण धरोहर मानेको छ। नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

सन् २०२५ को नोभेम्बर १ तारिखमा इजिप्टले करिब साढे एक अर्ब डलर लगानी गरेर निर्माण गरेको ग्राण्ड इजिप्सियन म्युजियम विश्वका ७९ देशका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा उद्घाटन गऱ्यो। देशभरि सार्वजनिक बिदा दिएर उद्घाटन गरिएको सो कार्यक्रमका अतिथिहरूले इजिप्टको सभ्यता र संस्कृति विश्वकै लागि एक महत्त्वपूर्ण वैभव भएकाले मानव सभ्यताका ती प्रमाणहरू हेर्न विश्वका हरेक मानिसहरू यो संग्रहालय आउनुपर्छ भन्ने सन्देश दिएका थिए भने विश्वभरिकै 'मिडिया'मा यो विषयको भव्य चर्चा पनि भयो।

संग्रहालयकै अर्को प्रसंग जोडौं। करिब एक अर्ब ४२ करोड जनसंख्या रहेको छिमेकी मुलुक चीनमा त्यहाँको सरकारले ९० प्रतिशत संग्रहालयमा निःशुल्क प्रवेश गर्ने व्यवस्था गरेको छ, जहाँ सन् २०२४ मा करिब एक अर्ब ५० करोड मानिसले संग्रहालय भ्रमण गरेका थिए। सन् २०१६ गरिएको एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा संग्रहालयले सात लाख २६ हजारभन्दा बढी मानिसलाई रोजगारी दिएको छ भने वार्षिक ५० अर्ब डलरभन्दा बढी राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ।

यी केही उदाहरणहरू हुन् जसले संग्रहालयलाई पुराना वस्तुको भण्डारण गृहको सीमित दायराको परम्परागत बुझाइलाई राष्ट्रिय पहिचान, गरिमा, पर्यटक आकर्षण र अर्थतन्त्रको उत्प्रेरकसमेत हो भन्ने फराकिलो दायरामा बुझ्ने तथ्यगत आधारहरू दिन्छ। संग्रहालयको यही सम्भावना देखेर विश्वका धेरै मुलुकले अहिले संग्रहालय निर्माणमा ठूलो लगानी गरेका छन्। उदाहरणका लागि, गत नोभेम्बरमा उद्घाटन गरिएको इजिप्टको संग्रहालयको लगानी करिब डेढ अर्ब डलर अर्थात् दुई खर्ब नेपाली रूपैयाँभन्दा बढी हुन्छ। संग्रहालय इतिहास, ज्ञान, स्मृति, पहिचान र संवादका केन्द्र हो, जसले समाजलाई आफ्ना विगतसँग जोड्दै वर्तमान र भविष्यका लागि मार्गदर्शनसमेत गर्दछ। शिक्षा, अनुसन्धान, संरक्षण र जनसञ्चारका माध्यमबाट संग्रहालयले सामाजिक रूपान्तरणको भूमिका बढाइरहेको छ। विश्वमा अहिले संग्रहालय हरेक देशको सफ्ट पावर (नरम शक्ति) का रूपमा पनि मानेको छ र ठूलो लगानी भइरहेको छ।

## नेपालमा संग्रहालयको अवस्था

विश्वमा आधुनिक संग्रहालयको सुरुआत आजभन्दा झण्डै साढे ३०० वर्षअघि सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ। नेपालमा भने विश्वमा आधुनिक संग्रहालय स्थापना भएको साढे २०० वर्षपछि अर्थात् १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो संग्रहालय हो। २०२४ सालमा उक्त संग्रहालय राष्ट्रिय संग्रहालयमा रूपान्तरित भयो। अहिले यो परिसरभित्र राष्ट्रिय संग्रहालय र राष्ट्रिय मुद्रा संग्रहालय सञ्चालनमा छन्।

युनेस्कोको तथ्यांकअनुसार विश्वभर एक लाख चार हजारभन्दा बढी संग्रहालय सञ्चालनमा छन्। नेपालमा भने करिब एक हजार संग्रहालय दर्ता भएको अनुमान गरिएको छ। तर ती सबै संग्रहालय सञ्चालनमा आएका छैनन्। संख्यात्मक वृद्धिसँगै विश्वभर संग्रहालयको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य प्रभावहरूसमेत फैलिँदै गएको छ। नेपालमा भने अझै पनि संग्रहालयप्रतिको बुझाइ र अभ्यास परम्परागत शैलीकै देखिन्छ।

वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण गर्नु राज्यको दायित्व हो भन्ने कुरा २००७ सालको संविधानमा उल्लेख गरियो र त्यसपछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याई त्यसैलाई कानुनी आधार मान्दै विभिन्न संग्रहालयहरू निर्माणमा राज्यले अग्रसरता लियो। हाल सञ्चालनमा रहेका राष्ट्रिय काष्ठकला संग्रहालय, राष्ट्रिय मुद्रा संग्रहालय, राष्ट्रिय धातुकला संग्रहालय, हनुमानढोका संग्रहालय, पाटन संग्रहालय त्यसैको उपज हुन् भन्न सकिन्छ।

अहिलेको संविधानले संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारलाई संग्रहालय स्थापना र सञ्चालनको अधिकार दिइएको छ। तर संविधानले दिएको अधिकारलाई स्पष्ट पार्नेगरी संग्रहालय सम्बन्धमा संघीय कानुन बन्न नसक्दा संग्रहालयको सञ्चालन र व्यवस्थापनको बृहत्तर कानुनी आधार छैन। यद्यपि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संग्रहालय सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिएको छ। यही कानुनी आधारलाई टेकेर पछिल्लो समयमा स्थानीय तहमा संग्रहालय खुल्ने क्रम पनि बढेको छ तर संग्रहालयको स्थापना र सञ्चालनका लागि अनिवार्यरूपमा सुनिश्चित गर्नुपर्ने आधारभूत मापदण्ड नहुँदा र संग्रहालयको दर्ता तथा अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा नयाँ खुलेका संग्रहालय व्यवस्थित बन्न सकेको देखिँदैन।

संग्रहालय दर्ता र सञ्चालनको क्रमसमेत बढेता पनि यसको संख्यासमेत कति छ भन्नेबारेको यकीन आँकडा छैन। संग्रहालयहरू जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालय, स्थानीय सरकारलगायतका विभिन्न निकायमा दर्ता भएका कारण एकै ठाउँमा यिनीहरूको आँकडा पाउन कठिन छ तर पनि सरकारी क्षेत्रसँगै समुदाय, विश्वविद्यालय, धार्मिक संस्थाहरू, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाटसमेत संग्रहालय सञ्चालन गर्ने क्रम बढेकाले यसप्रति धेरैको चासो बढेको संकेत गर्दछ। राष्ट्रिय समाचार समिति (रासस)ले पनि गत वर्ष मिडिया संग्रहालयको स्थापना गरी नेपाली सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धानको नयाँ ढोका खोलेको छ। यसैगरी अन्य विषयगत एवं क्षेत्रगत संग्रहालयहरूको पनि स्थापना हुँदै जाँदा सम्बन्धित विषय वा क्षेत्रको मात्र नभई समग्र राष्ट्रकै गहना बढ्न जाने हुन्छ।

अन्तर्राष्ट्रिय संग्रहालय परिषद् (आइकम) को नेपाल च्याप्टर आइकम नेपालका अनुसार नेपालमा साना ठूला गरी करिब एक हजार संग्रहालय दर्ता भएको अनुमान गरिएको छ भने वार्षिकरूपमा करिब ३० लाख मानिसले संग्रहालय भ्रमण गर्ने गरेको अनुमानित आँकडा छ। संग्रहालय खुल्ने क्रम बढेसँगै करोडौंको लगानी भइरहेको छ भने सयौंले रोजगारी पनि पाएका छन्। उदाहरणका लागि, दाङ जिल्लाको दंगीशरण गाउँपालिकामा सामुदायिकस्तरबाट सञ्चालित थारू संग्रहालयले १४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ।

## स्पष्ट संवैधानिक व्यवस्था, अस्पष्ट कानुन

नेपालको संविधान २०७२ ले संस्कृति र सम्पदालाई राज्यको नीतिगत प्राथमिकतामा राख्दै धारा ५१ मा संस्कृति, सम्पदा, सभ्यता, भाषा र विविधताको संरक्षण र प्रवर्द्धनमा राज्यको भूमिका स्पष्ट उल्लेख गरेको छ। त्यसैगरी, धारा ३२ ले मौलिक हकको रूपमा प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। सरकारी, निजी र सामुदायिक सबै क्षेत्रबाट खुलेका संग्रहालयहरूले संविधानले उल्लेख गरेको संस्कृति, सम्पदासम्बन्धी राज्यको दायित्व र नागरिकको मौलिक हक कार्यान्वयनमा महत्त्वपूर्ण योगदान गरेको देखिन्छ।

यी संग्रहालयहरू नेपाली समाज, इतिहास, सभ्यता र संस्कृतिका संरक्षकमात्र नभई शिक्षा र पर्यटनका महत्त्वपूर्ण केन्द्रका रूपमा पनि विस्तारित भएका छन्। तर यति महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका संग्रहालयको दर्ता, सञ्चालन, अभिलेखीकरण र नियमनका लागि कुनै विशिष्ट कानुन र निकाय नहुनुले यस क्षेत्रमा राज्यको कमजोर अवस्थालाई चित्रण गर्दछ।

नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले संग्रहालयलाई बहुआयामिक ढंगले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट संग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ। तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि संग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन। यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रूपमासमेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ। युनेस्कोले संग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्त्वपूर्ण धरोहर मानेको छ। नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

## अबको बाटो

संग्रहालय स्थायी र सार्वजनिक संस्था भएकाले यसका केही विश्वव्यापी मान्यताहरू छन्। ती मान्यतालाई समेत ख्याल गर्दै हाम्रा सबै संग्रहालयको उद्देश्य, प्रकार, जनशक्ति, लगानी, भवन डिजाइन, सुरक्षा, आगन्तुकलगायतका आधारभूत कुराको स्पष्ट भई यी विश्वव्यापी मान्यता सुनिश्चित गर्नु अनिवार्य हुन्छ। तर अहिले स्थापना भएका अधिकांश संग्रहालयले न्यूनतम मान्यता पूरा गरेको देखिँदैन न त त्यसको आधार तोक्ने र परीक्षण गर्ने निकाय नै छ। यही कारण नयाँ संग्रहालयहरू कुनै मापदण्डलाई आधार मानेर भन्दा पनि आफ्नो अनुकूलतानुसार खुलेका छन्। कतिपयले ग्यालरीलाई पनि संग्रहालय भनिरहेका छन्। जबसम्म संग्रहालयसम्बन्धी कानुनमार्फत संग्रहालय स्थापना, सञ्चालन, सुरक्षालगायतका आधारभूत पक्षलाई राष्ट्रिय मापदण्डबाट निर्दिष्ट गरिँदैन, तबसम्म संग्रहालयको समस्या र अन्योलता बढेर जाने छ।

यदि अहिले नै संग्रहालयका लागि संविधान र संस्कृति नीतिले परिकल्पना गरेबमोजिमको कानुन निर्माण गरी त्यसको मापदण्डसमेत बनाउन आवश्यक छ। सोही मापदण्डका आधारमा संग्रहालयको अनुगमन र सहजीकरणसमेत गर्नका लागि एक विशिष्ट निकाय आवश्यक पर्छ। त्यस निकायले मापदण्ड अनुपालनको सुनिश्चित गर्न अनुगमन गर्ने, अनुमति दिने र साना तथा स्थानीय संग्रहालयहरूलाई आर्थिक लगानी गर्ने कोषसमेत निर्माण गरेमा संग्रहालयलाई व्यवस्थित गर्न सकिन्छ। यो कार्य जति ढिला हुन्छ, संग्रहालय क्षेत्रमा त्यति नै समस्या थपिँदै जाने छ।

संग्रहालयलाई अन्योलतातर्फ जानबाट रोक्न र यसको सम्भावनाबाट अधिकतम लाभ लिन नयाँ राष्ट्रिय संग्रहालय नीति, संघीय संग्रहालय ऐन र संस्थागत संरचना आवश्यक छ। यसो गर्न सकेमा संग्रहालयलाई इतिहास, संस्कृति, सम्पदाको विकास केन्द्रसँगै दिगो विकास र सामाजिक रूपान्तरणको आधार बनाउन सकिने छ। *रासस*

*(लेखक अन्तर्राष्ट्रिय संग्रहालय परिषद् राष्ट्रिय समिति नेपालका कोषाध्यक्ष हुन्)*

## पाठक मञ्च

# सुशासनको कसीमा रास्वपा र गृहमन्त्रीको दोहोरो चरित्र

नेपाली राजनीतिमा 'पुरानो प्रवृत्ति'लाई चुनौती दिँदै र वैकल्पिक राजनीतिको आशा जगाउँदै उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पछिल्लो समय आफ्नै नारा र सिद्धान्तको भुमरीमा फसेको देखिन्छ। विशेषगरी, विवादास्पद व्यवसायीसँगको साझेदारी र अपारदर्शी सम्पत्ति विवरणका कारण प्रश्नको घेरामा परेका गृहमन्त्री सुधन गुरुङलाई जोगाउने पार्टीको रणनीति र साना मन्त्रीलाई तत्काल कारबाही गर्ने 'दोहोरो मापदण्ड'ले आम नागरिकमा निराशा थपेको छ।

रास्वपाले स्थापनाकालदेखि नै सुशासन र 'राइट टु रिकल'लाई आफ्नो मुख्य अस्त्र बनाउँदै आएको छ। गत चैतमा श्रममन्त्री दीपक साहले आफ्नी श्रीमतीलाई बिमा बोर्डमा नियुक्ति दिलाएको भन्दै नैतिकताको आधारमा तत्काल पदमुक्त गरिनु पार्टीको एउटा सकारात्मक कदम मानिएको थियो। तर, आज गृहमन्त्री सुधन गुरुङमाथि लागेका आरोपहरू दीपक साहकोभन्दा कयौं गुणा गम्भीर छन्। सम्पत्ति शुद्धीकरण विभागको अनुसन्धानमा रहेका विवादास्पद व्यवसायी दीपक भट्टसँगको साझेदारी र ५० लाखभन्दा बढीको संस्थापक सेयर स्वामित्वको प्रमाण सार्वजनिक हुँदा पनि पार्टी नेतृत्वले देखाएको मौनता आश्चर्यजनक छ।

गृहमन्त्री गुरुङको सम्पत्ति विवरण आफैंमा विरोधाभासपूर्ण छ। उनले सार्वजनिक गरेको विवरणमा नेप्सेमा सूचीकृत कम्पनीहरूमा दुई करोड ७४ लाख रूपैयाँ बराबरको सेयर रहेको दाबी गरेका छन्, तर ती कुन-कुन कम्पनी हुन् भन्ने खुलाइएको छैन। अझ गम्भीर कुरा त उनले मन्त्री हुनुभन्दा पाँच दिन अघिसम्म ५० लाखको सेयर खरिद गरेको देखिन्छ। उनले ऋण लिएर सेयर किनेको दाबी गरे पनि सम्पत्ति विवरणमा 'ऋण'को महल खाली छ। के यो झूटो विवरण पेस गर्नु भ्रष्टाचार होइन ? के यो सार्वजनिक जवाफदेहिताको उल्लंघन होइन ?

विडम्बनाको कुरा, नयाँ राजनीतिको कुरा गर्ने सभापति रवि लामिछानेले आफ्ना गृहमन्त्रीलाई 'म पनि यस्तै विवाद झेलेर आएको हुँ, नआत्तिनुस्' भन्दै संरक्षण दिनुले रास्वपा पनि पुरानै दलहरूको 'आफ्नालाई बचाउने र अरूलाई पन्छाउने' रोगबाट ग्रसित भएको पुष्टि गर्छ। सोमबारको केन्द्रीय समिति बैठकमा यति गम्भीर विषयमा 'तैं चुप मै चुप'को अवस्था रहनुले पार्टीभित्रको आन्तरिक लोकतन्त्र र नैतिकतामाथि प्रश्न उठाएको छ।

रास्वपालाई सत्तामा पुऱ्याउन सडकमा ओर्लिने 'जेन-जी' पुस्ता र आम सर्वसाधारणले सुदन गुरुङको राजीनामा माग्नुको पछाडि एउटै तर्क छ- गृहमन्त्रीजस्तो संवेदनशील पदमा रहेर आफ्नै व्यावसायिक साझेदार र सम्पत्ति शुद्धीकरणको अनुसन्धानलाई कसरी निष्पक्ष बनाउन सकिन्छ ? जबसम्म उनी पदमा रहन्छन्, अनुसन्धान प्रभावित हुने निश्चित छ।

अन्तमा, रास्वपाले बुझ्नुपर्छ कि जनताले उसलाई 'अर्को एउटा दल' बन्नका लागि मत दिएका होइनन्। सुशासनको कुरा गर्दा आफ्ना र पराया भन्नु हुन्न। सानालाई ऐन र ठूलालाई चैन हुने हो भने रास्वपा र पुराना दलहरूबीच के फरक रह्यो र ? त्यसैले, गृहमन्त्री गुरुङले तत्काल राजीनामा दिएर अनुसन्धानलाई सहयोग गर्नु र रास्वपाले आफ्नो 'शून्य सहनशीलता'को नीतिलाई व्यवहारमा उतार्नु नै अहिलेको एकमात्र विकल्प हो। अन्यथा, वैकल्पिक राजनीतिको यो दियो निभ्न धेरै समय लाग्ने छैन।

**- राजन गौतम**
शान्तिनगर, काठमाडौं

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**दीक्षान्तको खुसी** | मोरङको सुन्दरहरैँचा नगरपालिकास्थित पूर्वाञ्चल विश्वविद्यालयको १४औं दीक्षान्त समारोहमा दीक्षित भएका विद्यार्थी एक आपसमा खुसी साटासाट गर्दै । *तस्विरः रासस*

# पोल पुग्यो, वितरण गरिएन विद्युत्



**त्रिवेणी (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको पहाडी क्षेत्रमा विद्युत्‌का तार र पोल पुगे पनि अझै विद्युत् वितरण  हुन सकेको छैन ।

जिल्लाको बुलिङटार गाउँपालिकाको अर्खला, देउरालीलगायतका विभिन्न गाउँमा अझै राष्ट्रिय प्रसारण लाइनको काम नसकेको हो । बुलिङटार गाउँपालिका-४ को अर्खलामा विद्युत् वितरणका संरचना तार, पोललगायत निर्माण भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि विद्युत् वितरण हुन नसकेको वडाध्यक्ष मीनबहादुर आलेले बताए ।

उक्त वडाकै देउरालीका बासिन्दाले विद्युत् मिटर जडानका लागि शुल्क बुझाएको पनि लामो समय भइसकेको छ, तर बिजुली बाल्न नपाएको उनले बताए । विद्युत् प्राधिकरणले बोझा पोखरीमा विद्युत् सबस्टेसन सञ्चालन गरेको छ । तर उक्त सबस्टेसनबाट सात/आठ किलोमिटर दूरीमा रहेका गाउँहरू अझै पनि अँध्यारोमा बस्न बाध्य छन् भने केही गाउँ लघु जलविद्युत्मा निर्भर रहनुपरेको अवस्था रहेको वडाध्यक्ष आलेले बताए ।

अर्खलामा लघु जलविद्युत्मार्फत बत्ती बालिए पनि आवश्यकताअनुसार विद्युत् उपभोग गर्न नसकिएको उनको गुनासो छ । 'लघु जलविद्युत् छ, त्यो रातिमामात्र चल्छ, दिनभरि केन्द्रको बिजुलीका तार र पोल हेरेर बस्नुबाहेक केही उपाय छैन,' अध्यक्ष आलेले भने, 'हामीले ताकेता गरिरहेका छौं, तर यी तारमा बिजुली कहिले आउने हो थाहा छैन ।'

बिजुली नहुँदा वडा कार्यालयबाट प्रदान गरिने सेवासमेत प्रभावित हुने गरेको उनको भनाइ छ । 'वडा कार्यालयमा दिउँसोका लागि सोलार छ, तर घाम लागेन भने चल्दैन, हिजोआज धेरै सेवा प्रविधिसँग जोडिएको छ, सेवाग्राहीलाई त्यसै फर्काउनुपर्ने अवस्था हुन्छ, बिजुली आए यो समस्या हट्ने थियो,' वडाध्यक्ष आलेले भने ।

दिनको समयमा कसैको घरमा बिहे, पूजा आदि कार्यक्रम परेमा पहिले नै सूचना दिई लघु जलविद्युत् सञ्चालन गराउनुपर्ने अवस्था रहेको उनले बताए । उक्त लघु जलविद्युत्बाट सामान्य बत्ती बाल्ने काममात्र गर्न सकिने र धेरै विद्युतीय उपकरण सञ्चालन गर्न नसकिने उनको भनाइ छ । लघु जलविद्युत् रातिको समयमामात्र सञ्चालन हुने गरेको छ ।

विद्युत् वितरण केन्द्र कावासोतीका प्रमुख शिवनारायण गोशलीका अनुसार ठेकेदारको लापारवाहीका कारण विद्युत् विस्तारमा ढिलाइ भएको हो । विद्युत् वितरणको पूर्वाधार निर्माणका लागि ठेक्का लागेको लामो समय भए पनि समयमा काम सम्पन्न नभएकाले ती क्षेत्रमा बिजुली वितरण गर्न नसकिएको उनले बताए ।

गण्डकी प्रदेश सरकारको 'उज्यालो गण्डकी प्रदेश' कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा यस क्षेत्रमा कार्यक्रम अघि बढाइएको थियो । युनिकर्न कन्स्ट्रक्सनले पूर्वाधार निर्माणको जिम्मा पाएको भए पनि समयमा काम नसक्दा उक्त क्षेत्रमा विद्युत् पुर्‍याउन नसकिएको कार्यालय प्रमुख गोशलीले बताए ।

सो क्षेत्रमा केही स्थानमा पहिरोले विद्युत् पोलमा क्षति पुर्‍याएकाले अहिले बजेट विनियोजन गरी काम अगाडि बढाइएको उनको भनाइ छ । निर्माणको जिम्मा पाएको कम्पनीलाई निरन्तर ताकेता गरिरहेको र बाँकी संरचना निर्माण सम्पन्न गरेर छिट्टै उक्त क्षेत्रका गाउँहरूमा बिजुली बाल्ने तयारी भइरहेको कार्यालय प्रमुख गोशलीले बताए । देउराली, अर्खला, सिङ्च्याङ हुँदै कालीगण्डकी करिडोरको कोखेटारसम्म छिट्टै विद्युत् पुर्‍याइने उनको भनाइ छ ।

'हामीले विद्युत्का संरचना निर्माण सक्न ताकेता गरिरहेका छौं, सायद अब छिट्टै काम सकिएर उक्त क्षेत्रमा बिजुली बल्ने छ,' कार्यालय प्रमुख गोशलीले भने । *रासस*

# विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकबाट २७ हजारभन्दा बढी लाभान्वित

**अत्तरिया (कैलाली)–** धनगढी उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक कार्यक्रमबाट २७ हजार ८३९ बिरामीले स्वास्थ्य सेवा लिएका छन् । चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि चैत मसान्तसम्ममा २७ हजार ८३९ बिरामी प्रत्यक्ष लाभान्वित भएका हुन् ।

ग्रामीण क्षेत्रका गरिब तथा विपन्न नागरिकलाई लक्षित गर्दै सुरु गरिएको उक्त कार्यक्रमबाट सो अवधिमा २० हजार ८७५ महिला र छ हजार ९६४ जना पुरुषले निःशुल्क विशेषज्ञ सेवा लिएका कार्यक्रमका स्रोतव्यक्ति कृष्ण बोहराले जानकारी दिए ।

उनका अनुसार सो कार्यक्रमका लागि एक जना जनरल फिजिसियन, एक जना स्त्री तथा प्रसूतिरोग विशेषज्ञ चिकित्सकका साथै गेटा आँखा अस्पताल तथा धनगढी नेत्रालयको सहकार्यमा आँखारोग विशेषज्ञबाट निःशुल्क सेवा प्रदान गरिएको हो । सो अवधिमा १६ हजार ९०० जनाले जनरल फिजिसियनबाट, तीन हजार ७१५ महिलाले स्त्री तथा प्रसूति रोग विशेषज्ञबाट र सात हजार २२४ जनाले आँखारोगसम्बन्धी सेवा लिएका छन् ।

उनका अनुसार क्लिनिकमा १८ हजार १६ जनाले प्रयोगशाला सेवा, तीन हजार ८७ जनाले इसिजी सेवा, तीन हजार ४९८ गर्भवतीले सेवा लिएकामा एक हजार ३०६ जनाले अल्ट्रासाउण्ड सेवा लिएका छन् । यस्तै ७० वर्षभन्दा माथिका छ हजार ४६२ जनाले सेवा लिएका छन् ।

वि.सं. २०७९ को साउनबाट सुरु गरिएको सो कार्यक्रम हरेक महिना १९ वटै वडामा सञ्चालन गर्ने गरिएको उनले बताए । आव २०८१/८२ मा उक्त कार्यक्रमबाट ३३ हजार १४१ महिला र ११ हजार ३१० पुरुष गरी ४४ हजार ४५१ जनाले सेवा लिएका उपमहानगरपालिकाले जनाएको छ । *रासस*

# बर्डफ्लु नियन्त्रणका लागि सुनसरी प्रशासनको कडाइ

**धरान (सुनसरी)–** जिल्लाका विभिन्न स्थानमा बर्डफ्लु देखिएपछि नियन्त्रणका लागि पहल गरिएको छ । जिल्ला प्रशासन कार्यालयले मंगलबार जारी गरेको सूचनाअनुसार इटहरी उपमहानगरपालिका, इनरुवा नगरपालिका, दुहबी नगरपालिका तथा गढी गाउँपालिकालगायत स्थानमा कुखुरापालन गरिएका फार्महरूमा बर्ड फ्लु (एभियन इन्फ्लुएञ्जा, एच फाइभ एन वन) नामक रोग पुष्टि भएको जनाइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम न्यौपानेका अनुसार उक्त रोग मानिसमासमेत सर्न सक्ने भएकाले बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ बमोजिम संक्रमित क्षेत्रलाई केन्द्रविन्दु मानी चार किलोमिटर क्षेत्रलाई संकटग्रस्त क्षेत्र तोकिएको छ । रोग थप फैलिन नदिन सो क्षेत्रमा आवश्यक नियन्त्रणका कार्य अघि बढाइएको प्रशासनले जनाएको छ ।

जिल्ला प्रशासनले वैशाख १४ गतेसम्मका लागि कुखुरा, चल्ला तथा कुखुराजन्य वस्तु (अण्डा र मासु) को ओसारपसारमा प्रतिबन्ध लगाएको छ । संक्रमित क्षेत्रबाट अन्यत्र तथा अन्य जिल्लाबाट सुनसरीभित्र कुखुरा तथा कुखुराजन्य वस्तु भित्र्याउन र बाहिर लैजान रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए । जिल्ला प्रशासन कार्यालयले जिल्लावासी, कृषक, व्यवसायी तथा सरोकारवालालाई उच्च सतर्कता अपनाउन र नियन्त्रण कार्यमा सहयोग गर्न आग्रह गरेको छ ।

गत चैत ११ गते सुनसरीमा बर्डफ्लु पुष्टि भएपछि जिल्लाका विभिन्न स्थानमा प्रभावित फार्महरूमा कुखुरा तथा अण्डा नष्ट गर्ने र खोर सरसफाइ गर्ने अभियान सञ्चालन गरिएको थियो । सोही दिन इटहरी, दुहबी र गढीलगायतका ठाउँहरूमा आठ वटा बढी कृषि फार्ममा संक्रमण पुष्टि भएको थियो ।

संक्रमण पुष्टि भएपछि इटहरी-१९ स्थित ओकेओ कृषि प्रालिमा रहेका ११ हजार २० कुखुरा र ११ हजार ३०० अण्डा नष्ट गरिएको थियो । यस्तै, गढी गाउँपालिका-५ को सञ्जित कृषि फार्ममा ४२१, इटहरी-११ को आलम कृषि फार्ममा ५५०, इटहरी-१८ को रानी कृषि फार्ममा एक हजार ९३० (लेयर्स र गिरीराज) तथा इटहरी-१७ को लक्ष्मी पोल्ट्री फार्ममा ५१० कुखुरा र ५२० अण्डा नष्ट गरिएको भेटेरेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र इनरुवाका प्रमुख डा. मनोजकुमार महतोले जानकारी दिए ।

सोमबार सुनसरीको रामधुनी नगरपालिका-६ स्थित एक पोल्ट्री फार्ममा पालिएका करिब एक लाख ५० हजार लेयर्स कुखुरामा संक्रमण पुष्टि भएपछि नष्ट गरिएको थियो । *रासस*

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिंगा गणना सुरु

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मंगलबारदेखि बाह्रसिंगा गणना सुरु गरिएको छ । निकुञ्ज कार्यालय, नेपाली सेना तथा राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका साझेदार संस्थाको संयुक्त सहभागितामा गणना सुरु गरिएको हो । यसका लागि ३५ जना परिचालन गरिएको छ ।

निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेका अनुसार 'हेड काउन्ट' विधिबाट बाह्रसिंगा गणना सुरु गरिएको छ । गणनाका लागि मचानमा बसेर, फायरलाइनमा सवारीसाधन प्रयोग गरी तथा हात्तीको सहायताबाट गणना (अवलोकन) गरिने व्यवस्था मिलाइएको छ ।

गणनाका लागि बाइनाकुलर, क्यामरा, टेलिस्कोप, दूरबिन र ड्रोनको प्रयोग गरिने छ भने दुर्गम तथा हिँडेर पुग्न नसकिने क्षेत्रमा तीनवटा हात्ती परिचालन गरिएको जनाइएको छ । फायरलाइनमा दुई सवारीसाधन र चारवटा मचानमा तीन-तीन जनाको प्राविधिक जनशक्ति खटाइएको छ । गणना बिहान ६:०० देखि ९:०० बजेसम्म र साँझ ४:०० देखि ७:०० बजेसम्म भइरहेको छ । मंगलबारदेखि सुरु भएको गणना वैशाख १२ गतेसम्म जारी रहने छ । गणनाका क्रममा बाह्रसिंगाको संख्या यकीन गर्ने, बासस्थानको अवस्थाबारे अध्ययन गर्ने, आहार तथा जोखिमको मूल्यांकन गरिने सूचना अधिकारी वाग्लेले बताए ।

निकुञ्जको मझगाउँ मुख्य कार्यालयदेखि करिब २४ किलोमिटर दक्षिणमा रहेको शुक्लाफाँटा घाँसेमैदान नेपालकै सबैभन्दा ठूलो घाँसेमैदान मानिन्छ । करिब ३४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा विश्वकै ठूलो झुण्डका रूपमा बाह्रसिंगा पाइन्छन् । वि.सं. २०८१ मा गरिएको गणनामा यहाँ दुई हजार १८२ बाह्रसिंगा देखापरेका थिए ।

निकुञ्जका रेञ्जर प्रयास केसीका अनुसार निकुञ्जमा बाह्रसिंगाको संख्या सन्तोषजनक छ । पछिल्ला वर्षहरूमा मुख्य घाँसेमैदानबाहेक अन्य क्षेत्रमा पनि बाह्रसिंगा देखिन थालेका छन् । 'यो संरक्षणका हिसाबले सकारात्मक संकेत हो,' उनले भने, 'गणनालाई घाँसेमैदानमामात्र सीमित नराखी बाह्रसिंगा पाइने सम्भावित अन्य क्षेत्रमासमेत विस्तार गरिएको छ ।' बाह्रसिंगा बाघको प्रमुख आहार प्रजातिका रूपमा रहेको छ । पर्याप्त आहार र उपयुक्त बासस्थान व्यवस्थापनका कारण निकुञ्जमा बाघको संख्यासमेत वृद्धि हुँदै गएको जनाइएको छ ।

# लुम्बिनी प्रदेशसभाबाट दलित अधिकारसम्बन्धी विधेयक पारित

**लुम्बिनी–** लुम्बिनी प्रदेशसभाले दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतरूपमा पारित गरेको छ । प्रदेशसभाको सातौं अधिवेशनअन्तर्गत मंगलबार बसेको १४औं बैठकमा सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले 'दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदनसहितको विधेयक' माथि छलफलसहित पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए ।

बैठकमा सभामुख तुलाराम घर्ती मगरले उक्त विधेयक छलफलसहित सर्वसम्मतरूपमा पारित भएको जानकारी गराए । कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि समितिको प्रतिवेदन पेस गरे । यस्तै, भौतिक पूर्वाधार तथा विकास समितिका सभापति रामजीप्रसाद घिमिरेले समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरे । प्रदेशसभाको मंगलबारको बैठकमा प्रदेशसभा सदस्यहरूले विभिन्न समसामयिक विषय उठाएका छन् । प्रदेशसभा सदस्य भुवनेश्वर चौधरीले जनताको संरक्षण गर्ने राज्यले जनतालाई दुःख दिन नहुने बताउँदै योजना कार्यान्वयन र फरफारक प्रक्रियालाई सहज बनाउनुपर्ने धारणा राखे । उनले विकासका लागि बजेट भए पनि त्यसको प्रभावकारी सदुपयोग हुन नसकेको उल्लेख गरे ।

प्रदेशसभा सदस्य शान्ति लोदले रूपन्देहीको मायादेवी क्षेत्रमा नागरिकताको समस्या रहेको विषय उठाइन् । प्रदेशसभा सदस्य नीलम पासवानले लुम्बिनी प्रदेशमा पूर्व परासीदेखि तौलिहवाहुँदै बर्दियासम्म यातायात सेवा सञ्चालन गर्न माग गरिन् । साथै, संघीय सरकारले भन्सारमा गरेको कडाइले गरिब तथा विपन्न नागरिकको जनजीवन प्रभावित भएको उनको भनाइ थियो ।

प्रदेशसभा सदस्य भगवतीकुमारी थरुनीले इन्धन मूल्यवृद्धिका कारण भान्सादेखि कृषि क्षेत्रसम्म असर परेको भन्दै मूल्यवृद्धि फिर्ता लिन आग्रह गरिन् । प्रदेशसभा सदस्य सुधाकर पाण्डेयले संघीय सरकारको नयाँ भन्सार नीतिका कारण सीमावर्ती क्षेत्रका नागरिक समस्यामा परेको उल्लेख गर्दै विवाह तथा पूजाआजाका सामग्री ल्याउन रोक नलगाउन अनुरोध गरे । प्रदेशसभा सदस्य अम्बिका काफ्लेले ई-रिक्सा चालकहरूको समस्या समाधान गर्न माग गरिन् । उनले चालकहरूको शैक्षिक स्तर र लिखित परीक्षा प्रणालीका कारण लाइसेन्स प्राप्त गर्न कठिन भइरहेको बताउँदै धेरै चालक निरक्षर रहेका र लाइसेन्सबिना नै सवारी सञ्चालन गरिरहेको जानकारी दिइन् । *रासस*


## युएइमा रोजगार
कम्पनी : LE PETIT SALON — शेवा शुल्क: निःशुल्क
पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | LT. No. 338282 | चलानी नं. ६०२५४१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER(FEMALE) | 0 | 1 | 1500 | ६०,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Rasuwa Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ११३०/०७३/०७४
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 / Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com

## साउदीमा रोजगार
कम्पनी : BRANCH OF SINOPEC TENTH CONSTRUCTION COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340769 | चलानी नं. ६०२५४१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 55 | 0 | 1500 | ५९,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | शेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.१०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## मलेसियामा रोजगार
कम्पनी : GUPPY PLASTIC INDUSTRIES SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 337364 | चलानी नं. ६०२५०८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 1 | 0 | 1700 | ६४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २२ गते (6th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

## ओमनमा रोजगार
कम्पनी : OMN INTERNATIONAL GROUP SAOC
पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340859 | चलानी नं. ६०२५४१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 20 | 120 | ४६,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

## युएइमा रोजगार
कम्पनी : SOLIDARITY BUILDING MAINTENANCE AND CLEANING SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 330156 | चलानी नं. ६०४३९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 35 | 0 | 1000 | ४०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

# प्रभाव दैनिक





## 'जिरो डिग्री' को छायांकन सकियो

डार्क कमेडी विधाको चलचित्र 'जिरो डिग्री' को छायांकन सम्पन्न भएको छ । मेघौली फिल्म्सको ब्यानरमा निर्माण भएको यस चलचित्रको ३७ दिनको नियमित तालिकापछि छायांकन सकिएको हो । सजन काफ्ले र आकाश बरालको संयुक्त निर्देशन तथा पटकथा रहेको यस चलचित्रमा अभिनेता विजय बराललाई दर्शकले अहिलेसम्मकै फरक अवतारमा देख्न पाउनेछन् । चलचित्रमा विजय बराल, प्रकाश घिमिरे, राजन भुसाल, सनिशा भट्टराई, वरिष्ठ अभिनेत्री वसुन्धरा भुसाल, रमेश बुढाथोकी, लोकेन्द्र लेखक, सन्जोग रसाईली, प्रवेश महतरा क्षेत्री, शारदा सिलवाल, सबिना थापा क्षेत्री, रामबाबु रेग्मी, सुवास गजुरेल र बासु खनाल लगायतको अभिनय छ ।






# थवाङमा 'प्रगतिशील संगीत उत्सव' हुने

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले रोल्पा कला साहित्य प्रतिष्ठान, काठमाडौँसँगको सहकार्यमा यही वैशाख १९ र २० गते रोल्पाको थवाङ गाउँपालिकामा 'प्रगतिशील संगीत उत्सव-२०८३' आयोजना गर्ने भएको छ ।

प्रगतिशील गीत-संगीतमार्फत सामाजिक चेतना अभिवृद्धि गर्ने, सांस्कृतिक एकता सुदृढ गर्ने, तथा सिर्जनशील अभिव्यक्तिलाई राष्ट्रिय पहिचानसँग जोड्ने उद्देश्यले प्रगतिशील संगीत उत्सव आयोजना गर्न लागिएको प्रतिष्ठानले मंगलबार काठमाडौँमा पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ ।

पत्रकार सम्मेलनमा प्रतिष्ठानकी सदस्य सचिव एवं उक्त कार्यक्रम संयोजक कुस्मा महरा 'प्रगति'ले यस उत्सवलाई सांस्कृतिक दृष्टिले एक महत्त्वपूर्ण राष्ट्रिय कार्यक्रमका रूपमा लिइएको बताइन् ।

स्थापनाकालदेखि नै कला, संस्कृति, संगीत तथा नाट्य क्षेत्रको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा निरन्तर योगदान पुर्‍याउँदै आएको प्रतिष्ठानले बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न नेपाली समाजको विविधतालाई सम्मान गर्दै त्यसको पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले उक्त कार्यक्रम गर्न लागिएको उनले बताइन् ।

समाज रूपान्तरणको चेतना बोकेको प्रगतिशील सांगीतिक धारालाई केन्द्रमा राख्दै यस वर्ष 'प्रगतिशील संगीत उत्सव-२०८३' आयोजना गर्न लागिएको बताउँदै संयोजक महराले यसलाई केवर मनोरञ्जनको माध्यमका रूपमा मात्र नभई समाज परिवर्तन, जनचेतना अभिवृद्धि र सांस्कृतिक जागरणको सशक्त साधनका रूपमा स्थापित गर्ने लक्ष्य राखेको बताइन् ।

समाजमा विद्यमान असमानता, विभेद, अन्याय तथा कुरीतिविरुद्ध सचेतना फैलाउने तथा समानता, समावेशिता र सहअस्तित्वको सन्देश प्रवाह गर्ने उद्देश्यले प्रगतिशील संगीतले खेलेको भूमिका ऐतिहासिक रहेको र त्यसको पहिचानका लागि कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेलले जानकारी दिइन् ।

ऐतिहासिक पृष्ठभूमिलाई आत्मसात गर्दै उक्त उत्सवले सांगीतिक अभिव्यक्तिलाई अझ सशक्त बनाउने अपेक्षा गरिएको गरिएको उनले बताइन् ।

यस उत्सवको पहिलो दिन उद्घाटन समारोहसँगै सहभागी प्रगतिशील क्षेत्रका कलाकारको सांस्कृतिक परिचय तथा विशेष सांगीतिक प्रस्तुति रहनेछ । दोस्रो दिन संवाद, अन्तरक्रिया, कार्यशाला तथा प्रगतिशील संगीतका विविध आयाममा केन्द्रित प्यानल डिस्कोर्स गरी नेपालमा प्रतिशील संगीतको भूमिका र महत्त्वको निष्कर्ष प्रस्तुत गरिनेछ । यस्तै वरिष्ठ प्रगतिशील गीतकार, संगीतकार तथा गायकको वेजोड प्रस्तुतिसहित प्रगतिशील संगीत उत्सव-२०८३ समापन गरिनेछ ।

उत्सवमा देशभरका प्रगतिशील गीत-संगीतका अग्रज कलाकार, उदीयमान प्रतिभा, सांस्कृतिक समूह, शोधकर्ता, विद्यार्थी, सञ्चारकर्मी तथा सर्वसाधारण दर्शकको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको प्रतिष्ठानका उपकुलपति शम्भु राईले बताए ।

यस्तै महिला, दलित, आदिवासी-जनजाति तथा सीमान्तकृत समुदायको सक्रिय सहभागितालाई विशेष प्राथमिकता दिइने र त्यसले समावेशी सांस्कृतिक वातावरण निर्माणमा टेवा पुग्ने विश्वास गरिएको उनले बताए । उनले प्रगतिशील गीत संगीत संरक्षणको अभावमा कलाकारसँग हराएर गइरहेको भन्दै चिन्ता प्रकट गरे ।

रोल्पाको थवाङ गाउँपालिकामा आयोजना हुन लागेको यस उत्सवले स्थानीयस्तरमा मात्र नभई राष्ट्रियस्तरमा पनि विशेष महत्व राख्ने छ । ऐतिहासिक, सामरिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थानका रूपमा चिनिएको रोल्पा प्रगतिशील विचार र सामाजिक चेतनाको केन्द्रका रूपमा परिचित रहँदै आएको छ ।

त्यसैले यस स्थानमा आयोजना हुन लागेको उत्सवले स्थानीय सांस्कृतिक पहिचानलाई राष्ट्रियस्तरमा थप सुदृढ बनाउने विश्वास गरिएको छ । यस उत्सवले स्थानीय कलाकारको क्षमता अभिवृद्धि गर्नुका साथै संस्कृतिको क्षेत्रमा संभावनाका ढोका खुल्नुका साथै पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

उत्सवमार्फत प्रगतिशील गीत-संगीत क्षेत्रका अग्रज तथा नयाँ पुस्ताबीच सांस्कृतिक सेतु निर्माण गर्ने, सामाजिक एकता र समावेशितालाई सुदृढ गर्न महत्वपूर्ण योगदान पुर्‍याउने र प्रगतिशील सांगीतिक धारा राष्ट्रको मुल सांगीतिक प्रवाह भएकाले पहिचान स्थापित गर्दै अन्तरराष्ट्रियस्तरमा नेपालको सांगीतिक छवि स्थापित गर्ने दीर्घकालीन उद्देश्य पनि यस उत्सवसँग जोडिएको संयोजक कुस्मा महराले बताए ।

संस्कृति राष्ट्रको पहिचान, अस्तित्व र विकासको आधारभूत स्तम्भ हो । गीत, संगीत, नाटक र नृत्यजस्ता विधा नेपाली संस्कृतिलाई पूर्णता दिने मूल आधार हुन् । यी आधारले समाजलाई जोड्ने, अग्रगामी चेतना फैलाउने तथा सकारात्मक परिवर्तनको मार्ग प्रशस्त गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

# सुवाललाई छैटौं नागरिक क्रियसन अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं**– प्रा.डा. जगमान गुरुङको प्रमुख आतिथ्यतामा नागरिक क्रियसनद्वारा सञ्चालित नागरिक बोर्ड डटकमको छैठौं वार्षिकोत्सव समारोह तथा छैठौं नागरिक कृयसन अवार्ड एवं श्रष्टा सम्मान २०८२ अवार्ड कार्यक्रममा चर्चित फेसन सिनेटोग्राफर एडेन सुवाल 'छैठौं नागरिक कृयसन अवार्ड -२०८२' बाट पुरस्कृत भएका छन् ।



आयोजक संस्थाका अध्यक्ष याम बहादुर जि.सी.को सभापतित्वमा भएको कार्यक्रममा समाजका विशिष्ट व्यक्तित्वहरूको आतिथ्यतामा भएको कार्यक्रममा विभिन्न क्षेत्रका ७ विधामा अवार्ड, १५ विधामा श्रष्टा सम्मान र ४ जनालाई मानार्थ सदस्यता प्रदानगरि कार्यक्रम भब्यताका साथ सम्पन्न भएको थियो ।

यसअघि पनि चर्चित फेसन सिनेटोग्राफर एडेन सुवालले राष्ट्रिय स्तरका बिभिन्न संघ संस्थाबाट अवार्ड, पुरस्कार र सम्मानहरू हात पारिसकेका छन् । यसको अलावा विभिन्न संस्थाहरूमा आवद्धभई नेतृत्वदायी भूमिकाको साथै विभिन्न प्रतिष्पर्धात्मक प्रतियोगिता कार्यक्रमहरूमा निर्णायकको भूमिका पनि निर्वाह गरेका छन् । कार्यक्रमको सहजिकरण प्रस्तोता पनाह अधिकारीले गरेका थिए ।



नेपाल-युएई टी-२० शृंखला

# दोस्रो खेलमा नेपाल विजयी

## शृंखला बराबरीमा टुंगिएपछि ट्रफी दुवै टिमले बाँडे




■ प्रभाव संवाददाता

**काठमाडौं**– ओपनर कुशल भुर्तेलको अर्धशतकको सहयोगमा नेपालले 'अन्डर लाइट्स सिरिज'को दोस्रो खेलमा युएईमाथि सहज जित हात पारेको छ ।

काठमाडौंको कीर्तिपुरमा रहेको टियु अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सम्पन्न खेलमा नेपालले युएईलाई ८ विकेटले पराजित गरेको हो । नेपालले दोस्रो खेल जितेसँगै २ खेलको ट्वान्टी २० अन्तराष्ट्रिय शृंखला १-१ को बराबरीमा सकिएको छ । १२९ रनको सामान्य लक्ष्य नेपालले १५.५ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो ।

नेपालको जितमा कुशलले अविजित रहँदै ८४ रनको अर्धशतकीय इनिङ खेले । उनले ५७ बलको सामना गरेर १२ चौका र २ छक्का प्रहार गरे । कुशलले ३१ बलमा ९ चौका र १ छक्काको सहयोगमा अर्धशतक पूरा गरेका थिए । कुशलले नेपालका लागि सर्वाधिक अर्धशतक प्रहार गरेका छन् । नेपालका लागि सर्वाधिक अर्धशतक प्रहार गर्नेको दोस्रो स्थानमा कप्तान दीपेन्द्रसिंह ऐरी रहेका छन् ।

दीपेन्द्रले १२ अर्धशतक प्रहार गरेका छन् । युएईका विरुद्ध भने कुशलको यो दोस्रो अर्धशतक हो । कुशल मल्ल १९ रनमा आउट हुँदा कप्तान दीपेन्द्रसिंह ऐरी २३ रनमा अविजित रहे । युएईका लागि निलान्श केस्वानी र मोहम्मद अफ्रानले समान १ विकेट लिए ।

त्यसअघि नेपालले टस जितेर बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको युएईले २० ओभरमा ८ विकेट गुमाएर १२८ रनको योगफल तयार गरेको थियो । युएईका लागि अक्षदिप नाथले सर्वाधिक ५३ रनको अर्धशतकीय इनिङ खेलेका थिए । उनले ४२ बलमा ३ चौका र ४ छक्का प्रहार गरेका थिए । अदिप उस्मानी २२ बलमा ३० रन बनाउँदै सन्दीप लामिछानेको बलमा एलबिडब्लु आउट भएका थिए । निलश केस्वानी र सोयब खान रनको खाता नखोल्दै आउट भएका थिए । मोहम्मद अफ्रान ३६ बलमा ३२ रनमा आउट भएका थिए ।

वर्षाले प्रभावित पहिलो खेलमा युएईलाई जित दिलाउन १५ बलमा महत्वपुर्ण ३३ रन बनाएका युएईका कप्तान मोहम्मद वासिमलाई इनिङको पहिलो बलमा नै हेमन्त धामीले पेभिलियन फर्काएका थिए । सोमबारको खेलमा पहिलो ओभरमा नै २० रन खर्चिएर महँगो बनेका हेमन्तले मंगलबार भने पहिलो बलमा नै विकेट लिएर उत्कृष्ट पुनरागमन गरेका थिए ।

पहिलो ओभरमा नै वासिमलाई आउट गराएर नेपाललाई पुर्णत हाबी बनाएका हेमन्तले आफ्नो दोस्रो ओभरमा इण्डियन प्रिमियर लिग(आइपिएल) तथा भारतीय घरेलु क्रिकेटको लामो अनुभव भएका हरप्रित सिंहलाई १ रनमा आउट गराए । खेलको दोस्रो ओभरमा अर्का तिव्र गतिका बलर नन्दन यादवले अलिशान सरफुलाई १ रनमा आउट गराएका थिए ।

त्यस्तै स्टार क्रिकेटर सन्दीप लामिछानेले चार ओभरमा जम्मा ६ रन दिएर ३ विकेट हात पारेका थिए । उनले एक ओभर मेडन समेत राखेका थिए । युएईलाई कम रनमा रोक्न नेपालका लागि सन्दीप लामिछानेले ३, हेमन्त धामीले २ तथा नन्दन यादव, शाहब आलमले समान १ विकेट लिए । यससँगै यी दुवै टिमले प्रतियोगिताको ट्रफि बाँडेका छन् ।

# साफका लागि खेलाडी छनोट

**काठमाडौं (प्रस)**– अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले भारतमा आयोजना हुने साफ महिला च्याम्पियनसिप -२०२६ का लागि मंगलबार प्रारम्भिक चरणमा ३५ सदस्यीय नेपाली टोलीको नाम सार्वजनिक गरेको छ । नेपाल महिला राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपाने उक्त प्रतियोगिताका लागि ३५ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेका हुन् । प्रशिक्षक न्यौपानेले टोलीलाई तयारी गराउन पहिलो चरणको बन्द प्रशिक्षण यही वैशाख १४ गतेदेखि सुरु गर्ने तालिका रहेको एन्फाले जनाएको छ ।

आठौं संस्करण साफ च्याम्पियनसिप भारतको गोवा राज्यस्थित मार्गाओमा आगामी मे २५ देखि जुन ७ तारिखसम्म आयोजना हुँदैछ । दक्षिण एसियाली महिला फुटबलमा नेपाल सधैँ बलियो दाबेदारका रूपमा देखिँदै आएको छ तर पटक-पटक फाइनल पुगे पनि उपाधि जित्न सकेको छैन । प्रशिक्षक न्यौपानेको नेतृत्वमा नेपाल पहिलो पटक उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रिनेछ ।

छनोट भएको प्रारम्भिक टोलीमा अञ्जिला तुम्बापो सुब्बा, अञ्जना राना मगर, अनिता बस्नेत, अनिता लाम्जेल, अनिता केसी, अस्मिता नेपाली, वर्षा ओली, विमला विक, विमला चौधरी, बिर्सना चौधरी, दीपा शाही, गीता राना, हिरा भुजेल, जेनिफर राना, मनमाया दमाईं, मीना देउवा, नेहा कुमारी चौधरी र निशा ठोकर छन् । त्यसैगरी, पुनम चेम्जोङ, प्रतीक्षा चौधरी, प्रीति राई, पूजा राना, पूर्णिमा राई, रश्मीकुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सबिना चौधरी, सजनी ठोकर, समीक्षा घिमिरे, सरस्वती हमाल, सरु लिम्बू, सिलु परियार, सुक्रिया मियाँ, सुशीलाकुमारी चौधरी र उषा नाथ छन् ।


**कुवेतमा रोजगार** कम्पनी : COMBINED GROUP CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 332796 | चलानी नं. ६०२४६४३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy equipment operator | 126 | 0 | 200 | ९६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 64 | 0 | 180 | ८६,९२५ | | | | | | | |
| 3 | Light vehicle driver | 47 | 0 | 140 | ६७,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५५९/०६२/०६३

**Swift Gurkha International Pvt. Ltd.**

Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, 9823726091 (Sanjay Sir)



**युएइमा रोजगार** कम्पनी : KAWADER INTERNATIONAL FOR EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 336793 | चलानी नं. ६०२५०५०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | 1500 | ६०,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 25 | 0 | 1500 | ६०,७९५ | | | | | | | |
| 3. | Labour | 25 | 0 | 1000 | ४०,५३० | | | | | | | |
| 4. | TILE LAYER | 25 | 0 | 1500 | ६०,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम ईजाजत नं. ८३३/०६६/०६७



**साउदीमा रोजगार** कम्पनी : RSFIL FOR INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340862 | चलानी नं. ६०२५४१९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARAB CONTRACTING COMPANY ARATCO LTD.

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340861 | चलानी नं. ६०२५४१९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 3 | 0 | 1000 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food & Beverage Jonior Waiter | 1 | 0 | 1400 | ५५,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RELIANCE

श्रम ईजाजत नं. ९७१/०६७/०६८

**Reliance Recruitment Services Pvt. Ltd.**

Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel : 01-4519528, Mobile No : +977 9823034287 (Sarita Ghale)
Email: manager@relianceservice.com.np, Website: www.relianceservice.com.np



चीनको जियाङ्सु प्रान्तको याङ्चेङमा रहेको हल्याण्ड पार्कमा फुलेका फूलहरूको रमणीय दृश्य । *तस्विरः सिन्ह्वा*

# हतियार निर्यातमा जापानको ऐतिहासिक मोड



**टोकियो–** जापानले आफ्नो परम्परागत शान्तिवादी नीति र नयाँ सुरक्षा यथार्थबीच सन्तुलन खोज्दै वैश्विक रक्षा भूमिकातर्फ अगाडि बढ्ने संकेत दिएको छ । दशकौंदेखि कायम रहेको कडा शान्तिवादी नीतिमा महत्त्वपूर्ण मोड ल्याउँदै जापानले हतियार निर्यातसम्बन्धी आफ्ना नियमहरू उल्लेखनीयरूपमा सहज बनाउने निर्णय गरेको छ ।

बदलिँदो सुरक्षा चुनौती र आर्थिक हितलाई सन्तुलनमा राख्ने प्रयासस्वरूप गरिएको यो नीतिगत परिवर्तनले जापानलाई अन्तर्राष्ट्रिय रक्षा बजारमा सक्रियरूपमा प्रवेश गर्ने बाटो खोल्ने अपेक्षा गरिएको छ ।

सरकारका शीर्ष प्रवक्ता मिनोरु किहाराले मंगलबार पत्रकार सम्मेलनमा नयाँ व्यवस्थाले घातक हतियारहरूको बिक्रीका लागिसमेत मार्गप्रशस्त गर्ने बताए । उनले जापान वरपरको सुरक्षा वातावरण तीव्ररूपमा परिवर्तन भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा देशको सुरक्षा सुदृढ पार्नुका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय स्थिरतामा योगदान पुऱ्याउने उद्देश्यले निर्णय गरिएको स्पष्ट पारे । उनका अनुसार अहिलेको विश्व परिवेशमा कुनै पनि राष्ट्रले एक्लै आफ्नो सुरक्षा सुनिश्चित गर्न सक्ने अवस्था नरहेको धारणा बलियो बन्दै गएको छ ।

यसअघि जापानले हतियार निर्यातलाई खोज तथा उद्धार, यातायात, चेतावनी, निगरानी र माइनस्वीपिङजस्ता सीमित पाँच श्रेणीका उपकरणहरूमा मात्र सीमित राखेको थियो । तर प्रधानमन्त्री साने ताकाइचीले सामाजिक सञ्जालमार्फत अब सैद्धान्तिकरूपमा सबै प्रकारका रक्षा उपकरणहरूको स्थानान्तरण सम्भव हुने संकेत दिइन् । यसले जापानको रक्षा नीतिमा संरचनात्मक परिवर्तन आएको स्पष्ट देखिन्छ ।

यो परिवर्तनलाई समर्थन गर्नेहरूका अनुसार जापानले अन्तर्राष्ट्रिय रक्षा आपूर्ति शृंखलामा थप एकीकृत भएर साझेदार राष्ट्रहरूसँगको कूटनीतिक, सुरक्षा र आर्थिक सम्बन्धलाई अझ मजबुत बनाउन सक्ने छ । चीनको बढ्दो सैन्य गतिविधि, उत्तर कोरिया र रुसबाट उत्पन्न भइरहेका सुरक्षा चुनौतीहरूले यस्तो निर्णयको पृष्ठभूमि तयार गरेको विश्लेषण गरिएको छ ।

यद्यपि, यस कदमले जापानभित्रै मिश्रित प्रतिक्रिया उत्पन्न गरेको छ । आलोचकहरूले प्रधानमन्त्री ताकाइचीमाथि देशको लामो समयदेखिको शान्तिवादी पहिचान कमजोर बनाएको आरोप लगाएका छन् । दोस्रो विश्वयुद्धपछिको नीतिगत आधारमा विकसित भएको जापानको शान्तिवादलाई यसले असर पार्ने चिन्ता व्यक्त गरिएको छ ।

सरकारले भने यो नीति मन्त्रिपरिषद् र राष्ट्रिय सुरक्षा परिषद्बाट अनुमोदित भइसकेको जनाएको छ । रक्षा मामिला तथा हतियार नियन्त्रणका विज्ञ हेइगो सातोका अनुसार यस्तो नीतिले सहयोगी राष्ट्रहरूबीच हतियार र गोलाबारुदको सहज आदानप्रदान सुनिश्चित गर्ने प्रणाली निर्माण गर्न मद्दत गर्ने छ । उनले शान्तिको वर्तमान समयलाई दीर्घकालीन सुरक्षा तयारीका लागि उपयोग गर्नुपर्ने आवश्यकता औंल्याए ।

सातोका अनुसार हतियार निर्यातले नियमित मर्मतसम्भारको आवश्यकता सिर्जना गर्ने भएकाले रक्षा उद्योगलाई स्थिर व्यापारिक आधार उपलब्ध हुने छ र क्रेता राष्ट्रहरूसँगको सम्बन्ध पनि बलियो बन्ने छ । साथै, दुईतर्फी हतियार आदानप्रदानले भविष्यमा अप्रत्यासित र दीर्घकालीन द्वन्द्वको अवस्थामा सहयोगी राष्ट्रहरूबाट सहयोग प्राप्त गर्ने सम्भावना पनि बढाउने उनको तर्क छ ।

सन् १९७६ देखि लागू गरिएको कडा निर्यात प्रतिबन्धलाई क्रमिकरूपमा खुकुलो बनाउने प्रक्रियाको यो पछिल्लो कदम हो । प्रधानमन्त्री ताकाइचीले निर्यात गरिने हतियारहरू संयुक्त राष्ट्रसंघको बडापत्रअनुसार प्रयोग गर्ने प्रतिबद्धता जनाएका देशहरूमा मात्र सीमित गरिने बताइन् । *रासस/एएफपी*

# मध्यपूर्व द्वन्द्वले भारतको मल उत्पादनमा गिरावट

**नयाँदिल्ली–** मध्यपूर्वमा बढ्दो युद्धको प्रत्यक्ष असर देखिँदै भारतको मल उत्पादन मार्च महिनामा झण्डै एक चौथाइले घटेको छ । प्राकृतिक ग्यास आपूर्तिमा आएको अवरोधका कारण उत्पादनमा यस्तो तीव्र गिरावट आएको सरकारी तथ्यांकले देखाएको छ । यसले कृषि क्षेत्रमा दबाब बढाउने संकेत गरेको छ ।

भारतमा युरिया उत्पादनका लागि प्राकृतिक ग्यास अत्यावश्यक कच्चा स्रोत मानिन्छ । यही युरिया देशको विशाल कृषि प्रणालीका लागि मुख्य मल भएकाले यसको उत्पादन विश्वव्यापी ऊर्जा आपूर्ति र मूल्य उतारचढावसँग प्रत्यक्षरूपमा जोडिएको छ । तर फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारीरूपमा बन्द गर्दा ग्यास आपूर्ति प्रभावित भएको हो ।

यो जलमार्गबाट विश्वका करिब एकतिहाइ मल आपूर्ति हुने भएकाले अवरोधले विश्वव्यापी खाद्य उत्पादनमै असर पर्ने चिन्ता व्यक्त गरिएको छ । भारतजस्तो कृषिमा निर्भर मुलुकका लागि यसको प्रभाव अझ गम्भीर मानिएको छ । भारतमा कूल रोजगारीको ४५ प्रतिशतभन्दा बढी हिस्सा कृषिले ओगटेको छ । साना र कम उत्पादनशील खेती प्रणालीमा निर्भर किसानहरूका लागि मल अभाव थप चुनौती बन्न सक्छ ।

वाणिज्य मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार मार्च २०२६ मा मल उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.६ प्रतिशतले घटेको छ । यसअघि भने उत्पादनमा सुधारको क्रम देखिएको थियो– फेब्रुअरीमा ३.४ प्रतिशत, जनवरीमा ३.७ प्रतिशत र डिसेम्बर २०२५ मा ४.१ प्रतिशतले वृद्धि भएको थियो ।

सरकारले भने तत्काल अभाव नहुने दाबी गरेको छ । पेट्रोलियम मन्त्रालयका अनुसार देशमा हाल 'पर्याप्त मल भण्डार' रहेको छ र आपूर्ति स्रोतहरूलाई विभिन्न देशहरूबाट विविधीकरण गर्ने प्रयास भइरहेको छ ।

भारतमा मलको माग मुख्यतः मनसुन बाली रोपाइँ (जुन–जुलाई) अघि र जाडो सिजनका बाली रोपाइँ (अक्टोबर–नोभेम्बर) बेला उच्च हुन्छ । यही समयलाई लक्षित गर्दै सरकारले यसअघि अप्रिलमा मल अनुदान ११ प्रतिशतले बढाएको थियो, जसले बढ्दो मूल्यबाट किसानलाई केही राहत दिने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# एम्नेस्टीको चेतावनीः 'शिकारी' विश्व व्यवस्था उदाउँदै




**लण्डन–** मानवअधिकारको विश्वव्यापी अवस्था तीव्र रूपमा बिग्रँदै गएको चेतावनी दिँदै अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले विश्व शक्तिशाली नेताहरूले नयाँ 'शिकारी विश्व व्यवस्था' लागू गर्ने प्रयास गरिरहेको आरोप लगाएको छ । संस्थाले यस्तो प्रवृत्तिको सामना गर्न अधिकांश देशहरू कमजोर र कायर देखिएको टिप्पणीसमेत गरेको छ ।

लण्डनमा सार्वजनिक गरिएको वार्षिक प्रतिवेदनमा एम्नेस्टीकी महासचिव एग्नेस कालामार्डले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई 'शिकारी' नेताहरूका रूपमा उल्लेख गर्दै कडा आलोचना गरिन् । उनका अनुसार यी नेताहरूले दोस्रो विश्वयुद्धपछि निर्माण गरिएको बहुपक्षीय अन्तर्राष्ट्रिय प्रणालीलाई कमजोर पार्दै शक्ति र युद्धलाई प्राथमिकता दिने दृष्टिकोण अपनाएका छन् ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार, यस्तो विश्व दृष्टिकोणले कूटनीति र नियममा आधारित अन्तर ाष्ट्रिय व्यवस्थालाई विस्थापित गर्दै युद्ध, दमन र हिंसालाई साधनका रूपमा प्रयोग गर्ने प्रवृत्ति बढाइरहेको छ । कालामार्डले यो अवस्था विगत ८० वर्षमा निर्माण गरिएको अन्तर्राष्ट्रिय संरचनाका लागि गम्भीर खतरा भएको चेतावनी दिइन् ।

उनका अनुसार सन् २०२५ मा ट्रम्प, पुटिन र नेतान्याहुले शक्ति, राजनीतिक प्रभुत्व र आर्थिक नियन्त्रणका लागि अन्तर्राष्ट्रिय नियमहरूको बेवास्ता गर्दै दमन र हिंसालाई प्रयोग गरेको देखिन्छ । यस्तो प्रवृत्तिले मानवअधिकारको आधारभूत संरचनामाथि आक्रमण भइरहेको उनको भनाइ छ ।

उनका अनुसार यसले मानवअधिकार संरक्षणमा कमजोर प्रतिक्रिया देखिएको छ, किनभने धेरै सरकारहरूले शक्तिशाली नेताहरूको विरोध नगरी उनीहरूलाई खुसी पार्ने नीति रोजेको देखिएको छ ।

एम्नेस्टीका अनुसार मध्यपूर्वमा जारी द्वन्द्व यस 'नयाँ शिकारी विश्व व्यवस्था' को स्पष्ट उदाहरण हो, जहाँ जातीय र विचारधारात्मक आधारमा मानवतालाई अमानवीकरण गर्ने प्रवृत्ति बढेको छ । ट्रम्पमाथि उनले विधिको शासन कमजोर पार्ने र शक्तिको मनपरी प्रयोग गर्ने नीतिहरू अपनाएको आरोपसमेत लगाइन् ।

कालामार्डले ट्रम्प र पुटिनले 'अत्यधिक जातीय र पितृसत्तात्मक' विश्व दृष्टिकोण साझा गरेको दाबी गर्दै यसले महिला अधिकार, यौन तथा प्रजनन अधिकारमाथि गम्भीर असर पारेको बताइन् । उनका अनुसार अमेरिकामा पनि यी अधिकारहरू कमजोर पार्ने प्रयासहरू तीव्र भएका छन् ।

चीनबारे टिप्पणी गर्दै एम्नेस्टीले चीनलाई प्रत्यक्ष 'शिकारी सूची' मा नराखे पनि म्यान्माको सैन्य शासनलाई समर्थन गर्ने र रुसलाई परोक्ष सहयोग गर्ने भूमिका खेलेको उल्लेख गरेको छ । गाजामा जारी द्वन्द्वलाई प्रतिवेदनले विशेषरूपमा उजागर गर्दै विश्वका शक्तिशाली सरकारहरू इजरायलको गैरकानुनी कब्जा र मानवअधिकार उल्लंघन रोक्न असफल भएको आरोप लगाएको छ । यसलाई प्रतिवेदनले गम्भीर मानवीय संकटका रूपमा चित्रण गरेको छ ।

कालामार्डले वर्तमान अवस्थालाई 'कायरताको युग' भन्दै अधिकांश विश्व नेताहरूले शक्ति प्रयोग गर्नेहरूविरुद्ध दृढता देखाउन नसकेको टिप्पणी गरिन् । उनका अनुसार स्पेन र स्लोभेनिया जस्ता केही देशबाहेक युरोपेली संघ (इयु) का धेरैजसो सदस्य राष्ट्रहरू यस मामिलामा निष्क्रिय देखिएका छन् ।

एम्नेस्टीले इजरायलसँगको इयुको व्यापार सम्बन्ध पुनर्विचार गर्न र प्रतिबन्धजस्ता कडा कदम चाल्न आग्रह गरेको छ । साथै, बेलायतमा प्रतिबन्धविरोधी प्रदर्शनहरूमा गरिएको गिरफ्तारी र असहमतिको दमनप्रति पनि आलोचना गरिएको छ । संस्थाले स्पष्टरूपमा सरकारहरूलाई शान्तिपूर्ण विरोधलाई आपराधीकरण नगर्न र मानवअधिकारको संरक्षणलाई प्राथमिकता दिन आग्रह गरेको छ । *रासस/एएफपी*

# लक्सनलाई पार्टीको पुनः समर्थन

**वेलिंगटन–** लगातार घट्दो जनसमर्थन र पार्टीभित्र बढ्दो असन्तुष्टिबीच न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सन अन्ततः नेतृत्व जोगाउन सफल भएका छन् । मंगलबार भएको आन्तरिक मतदानले उनी अझै पार्टीको विश्वासमा रहेको सन्देश दिएको छ, यद्यपि राजनीतिक चुनौती भने कायम देखिएको छ ।

केन्द्र-दक्षिणपन्थी नेसनल पार्टीका नेता लक्सनले नोभेम्बरमा हुने आमचुनावअघि पार्टीको कमजोर जनमत सर्वेक्षणका कारण नेतृत्वमाथि प्रश्न उठेपछि विश्वासको प्रस्ताव अघि सारेका थिए । करिब तीन घण्टा चलेको ककस बैठकपछि उनले आफूले प्रस्तावित विश्वासको मत पारित भएको जानकारी दिए ।

'मैले मेरो नेतृत्वप्रति विश्वासको औपचारिक प्रस्ताव पेस गरेको थिएँ,' उनले भने, 'त्यो प्रस्ताव पारित भएको छ र यसले मलाई नेताका रूपमा मेरो ककसको समर्थन रहेको पुष्टि गरेको छ ।'

यद्यपि, उनले कति मतले जित हासिल गरे भन्ने खुलाएनन् । मतदान प्रक्रिया गोप्य राखिएको थियो र अन्तिम मतपरिणाम स्वयं उनलाई पनि सार्वजनिक नगरिएको बताइएको छ । बैठकमा सहभागी सांसदहरूले मात्र मतदान गर्न पाएका थिए भने खराब मौसमका कारण वेलिंगटनतर्फका धेरै उडान रद्द हुँदा केही सदस्यहरू उपस्थित हुन सकेनन् ।

पछिल्ला महिनाहरूमा लक्सनको नेतृत्वबारे प्रश्नहरू बढिरहेका थिए । जनमत सर्वेक्षणमा उनको पार्टी ३० प्रतिशतभन्दा तल झरेको छ भने उनको व्यक्तिगत लोकप्रियता पनि घट्दो क्रममा देखिएको छ । यसै सन्दर्भमा केही सांसदहरू असन्तुष्ट रहेको र आगामी निर्वाचनमा पुनः निर्वाचित हुने सम्भावना कमजोर भएको चर्चा चलेको थियो ।

यस्ता अड्कलबाजीलाई लक्सनले 'मिडिया सोप ओपेरा' भन्दै अस्वीकार गरे । उनले अनुमान र हल्लामा आफू संलग्न नहुने स्पष्ट पार्दै अब पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउनेमा जोड दिए । यातायातमन्त्री क्रिस बिशपले पनि नेतृत्व परिवर्तनको सम्भावनाबारे उठेका चर्चाहरूलाई खारेज गर्दै अन्ततः लक्सनलाई समर्थन गरेको बताए । उनका अनुसार पार्टीभित्र 'राम्रो, इमानदार र बलियो' छलफलपछि सबैजना एकजुट भएर अघि बढ्ने सहमति बनेको हो ।

अर्थमन्त्री तथा उपनेता निकोला विलिसले यो मतदानले ककसबाट स्पष्ट सन्देश गएको बताए, यद्यपि उनले पनि मत परिणामबारे जानकारी नभएको स्वीकार गरे । तर गठबन्धन सरकारका साझेदार तथा विदेशमन्त्री विन्स्टन पिटर्सले भने यस्तो विश्वास मतलाई 'अहंकारी फोहोर' को संज्ञा दिँदै आलोचना गरे । यस घटनाले लक्सन तत्कालका लागि नेतृत्व सुरक्षित गर्न सफल भए पनि कमजोर जनसमर्थन र आन्तरिक दबाबका कारण आगामी चुनावअघि उनका लागि राजनीतिक परीक्षा अझै बाँकी रहेको संकेत गरेको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HaLMax¿ Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०१३०० | प्रति तोला – ० | प्रति तोला – ५१६० |



**बिक्रीमा खरबुजा** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित न्यूरोडमा बिक्रीका लागि राखिएको खरबुजा खरिद गर्दै सर्वसाधारण। घोराहीमा खरबुजा प्रतिकिलो रु ४० का दरले किनबेच हुँदै आएको छ। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# अर्थमन्त्री वाग्ले र अमेरिकी सहायक विदेशमन्त्री कुपरबीच भेट

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग संयुक्त राज्य अमेरिकाका सहायक विदेशमन्त्री एसपल कुपरले शिष्टाचार भेटवार्ता गरेका छन्। अर्थ मन्त्रालयमा मंगलबार भएको भेटमा उहाँहरूबीच नेपालमा हालै सम्पन्न निर्वाचनपछि गठित वर्तमान सरकार र अमेरिकी सरकारबीच सम्भावित साझेदारीका क्षेत्र, लगानी प्रवर्द्धन र द्विपक्षीय सहयोगका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

उक्त छलफलमा अर्थमन्त्री डा. वाग्लेले सरकारको मुख्य प्राथमिकता सुशासन, आर्थिक सुधार र गुणस्तरयुक्त भौतिक पुर्वाधार निर्माण रहेको उल्लेख गरेका थिए। उनले पुराना अनावश्यक कानुनको खारेजी र नयाँ कानुन निर्माणद्वारा आर्थिक सुधार र लगानीको वातावरण सृजना गर्नु सरकारको प्राथमिकता रहेको बताएका थिए।

अमेरिकी लगानीकर्ता तथा गैरआवासीय नेपाली लगानीकर्ताबाट विशेषगरी पर्यटन, स्वच्छ ऊर्जा र सूचना प्रविधिका क्षेत्रमा लगानी अपेक्षित रहेको उक्त अवसरमा उनले बताएका थिए। अमेरिकी सहायक विदेशमन्त्री कपुरले नेपाल र अमेरिकाबीचको ऐतिहासिक सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुने विचार व्यक्त गरेका थिए। हालै सम्पन्न शान्तिपूर्ण निर्वाचनपश्चात गठित वर्तमान सरकारले लिएको सुधारका कार्यक्रमलाई अमेरिकी राष्ट्रपति र अमेरिकी जनताले सकारात्मक रूपमा नजिकबाट हेरिरहेको बताएका थिए।

सफल व्यापारिक सम्बन्ध र अमेरिकी अन्तरराष्ट्रिय वित्त विकास सहयोगजस्ता संस्थासँगको साझेदारीमा दुवै राष्ट्रले लाभ लिन सक्ने विषयमा सहायक विदेश मन्त्रीले जोड दिएका थिए। उक्त बैठकमा अर्थ सचिव डा. घनश्याम उपाध्याय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयका पदाधिकारी तथा नेपालका लागि अमेरिकाका कार्यवाहक राजदुत स्कोट अर्बोमसँगै अमेरिकी राजदूतावासका पदाधिकारीको उपस्थिति रहेको थियो।

**राहुघाट जलविद्युत् आयोजना**

# जेठभित्रै परीक्षण उत्पादन

■ **प्रभाव संवाददाता**



**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको ९५ प्रतिशत भौतिक प्रगति भएको छ। सुरुङ, बाँध र विद्युतगृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना परीक्षण उत्पादनको तयारीमा जुटेको हो।

आगामी जेठभित्र परीक्षण उत्पादन गर्ने लक्ष्यसहित निर्माण भएका भौतिक संरचनाको परीक्षणको तयारी गरेको रघुगंगा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिए। 'सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकलका संरचना निर्माण र उपकरण जडान सकेर फिनिसिङ भइरहेको छ', उनले भने, 'सुरुङमा पस्ने चारवटा प्रवेशमार्ग बन्द गराएपछि पानी भरेर परीक्षण गर्ने तयारीमा छौं।'

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित सन् २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो। सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोबेम्बरसम्मका लागि तेस्रोपटक म्याद थपिएको थियो। चौथोपटक थपिएको समयभित्र आयोजना सम्पन्न गराउने लक्ष्यअनुसार काम भइरहेको प्रबन्ध सञ्चालक केसीले बताए।

रघुगंगा गाउँपालिका-४ दग्नाम र वडा नं ५ भिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र दुईवटा पानी थिग्र्याउने पोखरी निर्माण सकिएको छ। तिल्केनीचौरमा विद्युतगृह निर्माण सकेर रङरोगन गर्न थालिएको छ। बीस मेगावाटको एकवटा युनिट जडान भइसकेको छ भने अर्को युनिटका पाटपुर्जा जडान अन्तिम चरणमा पुगेको छ। विद्युत्गृह परिसरमा आयोजनाबाट उत्पादित विद्युत्लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि स्वीचयार्ड तयार पारिएको हाइड्रोपावरका प्रबन्ध सञ्चालक केसीले जानकारी दिए।

कोरोना महामारी, बाढीपहिरोलगायत प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजनाको काममा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताए। भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)सँग २०७६ साल कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२ दशमलव ३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता भएको थियो।

भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एण्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसीएलसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो। पछिल्लोपटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्स (जेपी)ले विसं २०७५ असारमा पहुँचमार्ग र विसं २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो।

यस आयोजनाले वार्षिक २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो। राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी करिडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ। चारवटा टावर र प्रसारण लाइन पनि बनिसकेको आयोजना कार्यालयले जनाएको छ।

# नेप्से परिसूचक १८ अंकले घट्यो

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १८ दशमलव १० अंकले घटेर दुई हजार ८०७ दशमलव १२ बिन्दुमा कायम भएको छ। मंगलबार ३४७ कम्पनीको एक करोड ३० लाख १९ हजार ५५ कित्ता शेयर ९५ हजार ८०० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७७ करोड ४३ लाख १७ हजार ८७९ बराबरको कारोबार भएको छ। कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव १६ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड र पाल्पा सिमेन्ट इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सोलु हाइड्रोपावर लिमिटेडको सबैभन्दा धेरै रु ३७ करोड सात लाख ३५ हजार ९२१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको सात लाख ७७ हजार ३७३ कित्ता शेयर किनबेच भएको छ।

**कर्पोरेट**

## कजारियाको नयाँ शोरूम चितवनमा



**चितवन (प्रस)–** कजारिया रमेश टायल्स लिमिटेडले नेपालभर आफ्नो विस्तारलाई निरन्तरता दिँदै मंगलपुर, चितवनमा नयाँ शोरुम उद्घाटन गरेको छ। अथर्व इन्टरप्राइजेजद्वारा सञ्चालित उक्त शोरुमको उद्घाटन कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले गरेका थिए। चितवन तथा आसपासका ग्राहकहरूलाई कजारियाका प्रिमियम टायल समाधानहरू अझ सहज रूपमा उपलब्ध गराउने दिशामा महत्वपूर्ण कदमका रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

उक्त अवसरमा निर्देशक अग्रवालले भने, 'अथर्व इन्टरप्राइजेजसँगको सहकार्यमार्फत चितवनमा आफ्नो उपस्थिति विस्तार गर्न पाउँदा हामी अत्यन्त खुसी छौं। यस क्षेत्रमा पूर्वाधार तथा आवास निर्माणको माग निरन्तर बढ्दै गएको अवस्थामा, उच्च गुणस्तरका तथा डिजाइन-केन्द्रित टायल समाधानहरू प्रदान गर्ने ठूलो सम्भावना देखिरहेका छौं।'

नेपालभर निरन्तर विस्तार भइरहेको आफ्नो सञ्जालसँगै कजारियाले टायल उद्योगमा विश्वासिलो ब्रान्डका रूपमा आफ्नो स्थान अझ सुदृढ बनाउँदै नवीनता, गुणस्तर तथा उत्कृष्ट डिजाइनमार्फत ग्राहकहरूलाई सेवा प्रदान गरिरहेको छ।

हाल कजारियाले नेपालभर १०० भन्दा बढी शोरूमहरूको सशक्त सञ्जाल विस्तार गरिसकेको छ। कम्पनीका उत्पादनहरूमा ग्लेज्ड भिट्रिफाइड टायल, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड टायल तथा सेरामिक वाल टायल समावेश छन्। यी टायलहरू पानी तथा दाग प्रतिरोधी, बलियो, दीगो र आधुनिक डिजाइनमा उपलब्ध छन्।

## ज्योति विकास बैंकद्वारा १७०० बिरूवा वृक्षरोपण

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले देशव्यापी रूपमा सातै वटा प्रदेशमा वृक्षरोपण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ। बैंकले देशभर सात विभिन्न प्रदेशको विभिन्न स्थानमा कार्यक्रम गरी १७०० वटा वृक्षरोपण गरेको छ। उक्त कार्यक्रम बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत गरेको हो।

कार्यक्रम अन्तर्गत सातै प्रदेशमा समान रूपमा वृक्षरोपण गर्दै प्रत्यक प्रदेशमा २५० वटा बिरुवा रोपिएको हो। यस पहलमार्फत वातावरणीय सन्तुलन कायम राख्ने उद्देश्यसहित स्थानीय समुदायमा हरियाली विस्तार, स्वच्छ वातावरणको संरक्षण तथा जनस्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने लक्ष्य बैंकले लिएको छ। रोपिएका बिरुवाहरूले दीर्घकालमा स्वच्छ हावाको आपूर्ति, पारिस्थितिक सन्तुलनको संरक्षण तथा दिगो जीवनशैलीको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास बैंकले




लिएको छ। ज्योति विकास बैंकले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा लुम्बिनी वर्ल्ड पिस फोरमसँग सहकार्य गरी देशव्यापी वृक्षरोपण गर्ने घोषणा गरेको थियो। उक्त सहकार्य सम्झौता अनुरूप उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै वृक्षरोपण सम्पन्न गरेको छ। ज्योति विकास बैंकले आगामी दिनहरूमा पनि यस्ता प्रभावमुखी सामाजिक पहलहरूलाई निरन्तरता दिँदै समाजको समग्र विकास र अभ्युदयमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ। ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल ११७ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आइरहेको छ।

**हाँसौं: स्वस्थ्य रहौं।**

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं।

**हाँसौं र हँसाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ